# गण्डकी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८०/८१)




गण्डकी प्रदेश

नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
२०८१ मङ्सिर

## प्राक्कथन

नेपाल राष्ट्र बैंकले विगत लामो समयदेखि आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश हुने **आर्थिक गतिविधि अध्ययन प्रतिवेदन** तर्जुमा गरी नियमित रुपमा प्रकाशन गर्दै आएको छ। आर्थिक वर्ष २०७६/७७ देखि पोखरा कार्यालयले समेत गण्डकी प्रदेशका आर्थिक गतिविधिहरू समेटी यस्तो प्रतिवेदन प्रकाशन गर्न थालेको छ।

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले तर्जुमा गरेको गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका प्रमुख आर्थिक गतिविधि समावेश गरिएको छ। नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन २०७९) मा आधारित भई गण्डकी प्रदेशका ११ जिल्लाहरू (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मनाङ र मुस्ताङ) मा सम्पन्न सर्वेक्षणका आधारमा प्रतिवेदन तर्जुमा गरिएको छ। प्रतिवेदनमा मूलतः कृषि, उद्योग र सेवा क्षेत्रको स्थिति तथा ती क्षेत्रहरूमा देखिएका विद्यमान समस्या/चुनौती र परिदृश्यका बारेमा समेत संक्षिप्त विश्लेषण गरिएको छ। यसका अतिरिक्त गण्डकी प्रदेशका राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाहरूको पछिल्लो प्रगति विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको आर्थिक वृद्दिमा केही सुधारको संकेत देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादन आधारभुत मूल्यमा ४.२३ प्रतिशतले वृद्धि भएको अनुमान छ। गत आर्थिक वर्षमा यस्तो बृद्धिदर ३.६९ प्रतिशत रहेको थियो। । यस अवधिमा कृषि उत्पादनमा ४.७७ प्रतिशतको वृद्धि देखिएको छ भने उद्योगको क्षमता उपयोग झण्डै ३९.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा कृषि उत्पादन ०.०५ प्रतिशतको झिनो वृद्धि भएको थियो भने उद्योगको क्षमता उपयोग ४२.४ प्रतिशत रहेको थियो। गण्डकी प्रदेशको सेवा क्षेत्रमा महत्वपूर्ण योगदान रहेको पर्यटन क्षेत्रमा पर्यटकको आगमनमा ५.४ प्रतिशतले सुधार भएको, होटलहरुको अकुपेन्सीमा पनि सुधार भई ३०.७३ प्रतिशत रहेको साथै, हवाई कम्पनीको सिट उपयोग क्षमतामा पनि सुधार भई ७७.८५ प्रतिशत रहेको छ।

प्रस्तुत अध्ययन प्रतिवेदन गण्डकी प्रदेश सरकार लगायत सरोकारवालाहरूलाई उपयोगी हुने विश्वास लिएको छु। प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीहरू प्रति आभार व्यक्त गर्दछु। प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री रञ्जना शर्मा, सहायक निर्देशक श्री दल बहादुर थापा, श्री विजया गौतम, श्री विक्रम बुढाथोकी र श्री अन्जना जोशी, प्रधान सहायक श्री ध्रुब प्रसाद पोखरेल र श्री याम बहादुर रानाभाट तथा सहायक श्री शुसिल पोखरेल र श्री नविन भण्डारीलाई धन्यवाद ज्ञापन गर्दछु।

**विना ढकाल पौडेल**
**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| आवरण पृष्ठ | | | |
| प्राक्कथन | | | (क) |
| तालिका सूची | | | (घ) |
| चार्ट सूची | | | (ङ) |
| सारांश | | | (च-छ) |
| **परिच्छेद-१** | **अध्ययन परिचय** | | **१-२** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद-२** | **प्रदेशको तुलनात्मक स्थिति** | | **३-६** |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ३ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| **परिच्छेद-३** | **कृषि क्षेत्र** | | **७-१७** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ | कृषि उत्पादन | ९ |
| | ३.३ | पशुपंछी तथा माछा उत्पादन | १२ |
| | ३.४ | वनजन्य उत्पादन | १३ |
| | ३.५ | सिंचाई | १४ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १६ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १६ |
| **परिच्छेद-४** | **उद्योग क्षेत्र** | | **१८-२१** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १८ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १९ |
| | ४.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २० |
| **परिच्छेद-५** | **सेवा क्षेत्र** | | **२२-३२** |
| | ५.१ | पर्यटन | २२ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २४ |
| | ५.३ | वित्तीय सेवा | २४ |
| | ५.४ | यातायात तथा संचार | २७ |
| | ५.५ | स्वास्थ्य | २८ |
| | ५.६ | शिक्षा | २८ |
| | ५.७ | सेवा क्षेत्र कर्जा | २९ |
| | ५.८ | सहुलियतपूर्ण कर्जा | ३० |

| | | | |
|---|---|---|---|
| | ५.९ | सहकारी | ३० |
| | ५.१० | सेवा क्षेत्रका चुनौती र सम्भावना | ३१ |
| **परिच्छेद-६** | **पूर्वाधार र रोजगारी** | | **३३-३७** |
| | ६.१ | पूर्वाधार क्षेत्र | ३३ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३४ |
| | ६.३ | रोजगारी | ३५ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३६ |
| **परिच्छेद-७** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | **३८-४१** |
| | ७.१ | गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम | ३८ |
| | ७.२ | स्थानीय तहको बजेट तथा कार्यक्रम | ४० |
| | ७.३ | व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम | ४० |
| **परिच्छेद-८** | **आर्थिक परिदृश्य** | | **४२-४४** |
| | ८.१ | कृषि उत्पादन | ४२ |
| | ८.२ | औद्योगिक उत्पादन | ४३ |
| | ८.३ | सेवा क्षेत्र | ४३ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ४३ |

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ३ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ९ |
| तालिका ३.३: कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.४: कृषि बालीको उत्पादन (जिल्लागत) | १२ |
| तालिका ३.५: प्रमुख पशुपंछी तथा माछा उत्पादन | १२ |
| तालिका ३.६: प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत) | १३ |
| तालिका ३.७: वनजन्य उत्पादन (जिल्लागत) | १३ |
| तालिका ३.८: काठको उत्पादन (जिल्लागत) | १४ |
| तालिका ३.९: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल | १४ |
| तालिका ३.१०: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल (जिल्लागत) | १५ |
| तालिका ३.११: क्षेत्रगत कृषि कर्जा | १६ |
| तालिका ४.१: औद्योगिक उत्पादन | १९ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | २० |
| तालिका ५.१: पर्यटकको आगमन | २२ |
| तालिका ५.२: हवाई सेवा | २४ |
| तालिका ५.३: सार्वजनिक निर्माण तथा रियलस्टेट | २४ |
| तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति | २५ |
| तालिका ५.५: वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २६ |
| तालिका ५.६: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | २६ |
| तालिका ५.७: विदेशी मुद्रा सटहीको इजाजतपत्रप्राप्त संस्थाहरू | २७ |
| तालिका ५.८: गण्डकी प्रदेशमा यातायात सेवा | २७ |
| तालिका ५.९: गण्डकी प्रदेशमा सञ्चार सेवा | २८ |
| तालिका ५.१०: गण्डकी प्रदेशमा स्वास्थ्य सेवा | २८ |
| तालिका ५.११: गण्डकी प्रदेशमा शिक्षा सेवा | २९ |
| तालिका ५.१२: क्षेत्रगत सेवा कर्जा | ३० |
| तालिका ५.१३: सहुलियतपूर्ण कर्जा | ३० |
| तालिका ५.१४: सहकारी सेवा | ३१ |
| तालिका ६.१: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण | ३६ |
| तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति | ३८ |
| तालिका ७.२: गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति | ३९ |
| तलिका ७.३: व्यवसायिक जीवन रक्षा कर्जाको विवरण | ४१ |

## चार्ट सूची

**शीर्षक**


| | |
|---|---|
| चार्ट २.१: आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक वृद्धिदर | ४ |
| चार्ट ३.१: प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल (हेक्टर हजारमा) | ८ |
| चार्ट ३.२: प्रमुख खाद्यान्न बालीहरूको उत्पादन (मे.टनमा) | १० |
| चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा) | १५ |
| चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुहरूको क्षमता उपयोग | १८ |
| चार्ट ५.१: निक्षेप र कर्जाको विवरण (रु. दश लाखमा) | २५ |
| चार्ट ७.१: गण्डकी प्रदेशको बजेट खर्चको अवस्था | ३९ |

# सारांश

## समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल गार्हस्थ्य उत्पादन आधारभुत मूल्यमा ३.५४ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्षमा यस्तो वृद्धिदर २.३१ प्रतिशत रहेको थियो ।

२. आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन ४.२३ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धिदर ३.६९ प्रतिशत रहेको थियो ।

## कृषि क्षेत्र

३. समीक्षा वर्षमा गण्डकी प्रदेशका ११ जिल्लाहरूमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिब ७.७ प्रतिशतले ह्रास आई ४ लाख ३७ हजार ९७२ हेक्टर कायम भएको छ । तरकारी खेतीले ढाकेको क्षेत्रफल २.०७ प्रतिशतले वृद्धि भएको छ भने मसला, फलफूल खेती र खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा क्रमशः ०.४१ प्रतिशत, ८.२३ प्रतिशत र ८.३८ प्रतिशतले कमी आएको छ ।

४. समीक्षा वर्षमा प्रमुख कृषि बालीहरुको उत्पादनमा ४.७७ प्रतिशतले वृद्धि भएको छ । खाद्य तथा अन्य बालीको उत्पादनमा ४.७१ प्रतिशत, तरकारी उत्पादनमा ५.४४ प्रतिशत, फलफूल उत्पादनमा ३.८० प्रतिशत र मसला उत्पादनमा ४.५२ प्रतिशतले वृद्धि भएको छ ।

५. समीक्षा वर्षमा पशुजन्य उत्पादनतर्फ दुधको उत्पादन ३.३८ प्रतिशत, अण्डाको उत्पादन १५.२९ प्रतिशत र मासुको उत्पादन १ प्रतिशतले ह्रास आएको छ भने माछाको उत्पादनमा ४.९९ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादनतर्फ काठको उत्पादनमा २६.१९ प्रतिशतले वृद्धि भएको छ भने दाउरा उत्पादनमा ३.१४ प्रतिशतले कमी आएको छ ।

६. समीक्षा वर्षमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूले कृषि, वन र माछापालन क्षेत्रमा रु. २८ अर्ब ४० करोड कर्जा लगानी गरेका छन् । यो रकम यस प्रदेशमा प्रवाहित कुल कर्जाको ८.१४ प्रतिशत रहेको छ ।

## उद्योग क्षेत्र

७. समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगहरूको औसत उत्पादन क्षमता उपयोग ३९.२ प्रतिशत रहेको छ । गत आर्थिक वर्षमा यस्तो अनुपात ४२.४ प्रतिशत रहेको थियो ।

८. समीक्षा वर्षमा सिमेण्ट, ओइन्टमेन्ट औषधी, बिस्कुट, प्रशोधित दुध, तोरीको तेल र चुरोटको उत्पादनमा वृद्धि भएको छ भने ईटा, चकलेट, चाउचाउ, ड्राई सिरप औषधी, वियर, ट्याब्लेट औषधी, लिक्विड औषधी र क्याप्सुल औषधीको उत्पादनमा कमी भएको छ ।

९. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको ८.८८ प्रतिशत अर्थात् रु. ३१ अर्ब १ करोड कर्जा औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन् ।

## सेवा क्षेत्र

१०. समीक्षा वर्षमा गण्डकी प्रदेशमा पर्यटक आगमनको संख्या ६.१ प्रतिशतले वृद्धि भई ५५ हजार १ सय ४९ रहेको छ । त्यस्तै होटलहरुको शैया संख्या बिक्री २४.३ प्रतिशतले वृद्धि भई ७३ हजार १ सय २६ रहेको

छ भने होटलहरुको अकुपेन्सी ३०.७३ प्रतिशत रहेको छ जुन गत वर्ष २४.६१ प्रतिशत रहेको थियो । पछिल्लो समय आन्तरिक तथा बाह्य पयर्टनमा व्यापक सुधार आएकाले सेवा क्षेत्रमा तदनुरुपको सकारात्मक प्रभाव देखिएको हो ।

११. समीक्षा वर्षमा २१ हवाई कम्पनीमार्फत् उडान भई ११ हजार ४ सय ८५ पटक उडान भएको छ भने हवाई कम्पनीको सिट उपयोग क्षमता ७७.८५ प्रतिशत रहेको छ । गत वर्षको हवाई कम्पनीको सिट उपयोग क्षमता ७४.५४ प्रतिशत रहेको थियो ।

१२. समीक्षा वर्षमा यस प्रदेशमा उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति हावी हुनु, बसाईसराई लगायतका कारणले विद्यार्थी र शिक्षकको संख्यामा क्रमशः ३.४० प्रतिशत र ४.१६ प्रतिशतले कमी आएको देखिन्छ । साथै, विद्यार्थी संख्यामा आएको कमीले गर्दा क्याम्पसहरु गाभिन गई क्याम्यसहरुको संख्यामा समेत २.८२ प्रतिशतले कमी आएको छ ।

१३. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन १२.५ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ३४ अर्ब ४० करोड पुगेको छ । कुल कर्जा प्रवाह भने १.७ प्रतिशतले ह्रास भई रु.३ खर्ब ४९ अर्ब ७ करोड पुगेको छ । पर्यटन क्षेत्रमा प्रवाहित कर्जा रकम गत वर्षभन्दा ९.९० प्रतिशतले वृद्धि भई रु २३ अर्ब ७६ करोड पुगेको छ ।

## पूर्वाधार र रोजगारी

१४. राष्ट्रिय गौरवका आयोजनाहरुमध्ये कालीगण्डकी करिडोर अन्तर्गतको मालढुङ्गा-राम्दी-गैडाकोट खण्डको भौतिक प्रगति करिब ६५.०७ प्रतिशत र बेनी-जोमसोम खण्डको भौतिक प्रगति करिब ८४ प्रतिशत रहेको छ । मध्यपहाडी लोकमार्ग अन्तर्गत गोरखा-लमजुङ खण्डको भौतिक प्रगति ७५ प्रतिशत र कास्की-पर्वत-बाग्लुङ खण्डको भौतिक प्रगति ७७ प्रतिशत रहेको छ भने तनहुँ जलविद्युत आयोजना तथा बुढिगण्डकी जलविद्युत आयोजनाको भौतिक प्रगति क्रमशः ५८.१ प्रतिशत र १० प्रतिशत रहेको छ ।

१५. यस प्रदेशका ८५ स्थानीय तहहरूले आर्थिक वर्ष २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । सो अन्तर्गत सञ्चालित १ हजार १८ आयोजना मार्फत् कुल ७ सय २१ व्यक्तिले औसतमा ५४.२४ दिन रोजगारी पाएका छन् ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्कको सङ्कलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी नियमित रुपमा प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यसै क्रममा कृषि, उद्योग, सेवा तथा पुर्वाधार लगायतका क्षेत्रमा भएका आर्थिक गतिविधिहरूलाई समेटी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)" मा आधारित रही प्रादेशिक रुपमा अर्ध-वार्षिक तथा वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ ।

देशमा संघीयता कार्यान्वयनमा आएपश्चात् आर्थिक वर्ष २०७६/७७ देखि नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ । गण्डकी प्रदेशका कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व) गरी ११ जिल्लाहरूको कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यस "गण्डकी प्रदेशको आर्थिक वर्ष २०८०/८१ को आर्थिक गतिविधि अध्ययन प्रतिवेदन" २०८० साउनदेखि २०८१ असार मसान्तसम्मको आर्थिक तथ्याङ्कहरूका आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशका ११ वटै जिल्लाहरू समावेश गरी समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्र सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) अनुसार यस प्रदेशका सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा गरिएको स्थलगत सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्याङ्क तथा सूचनाहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । अधिकांश तथ्याङ्क तथा सूचनाहरू प्रदेशमा रहेका ११ जिल्लाहरूका सम्बन्धित कार्यालयको स्थलगत भ्रमण, टेलिफोन अर्न्तवार्ता तथा इमेल मार्फत् सङ्कलन गरिएको छ । कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयबाट सङ्कलन गरिएको छ । उल्लेखित निकायहरूबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू सङ्कलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी तथ्याङ्क नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत् लिइएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १४ वटा उद्योगहरूको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा लगायतका तथ्याङ्क आर्थिक अनुसन्धान विभाग मार्फत् प्राप्त गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलहरूबाट स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । शिक्षासँग सम्बन्धित तथ्याङ्क जिल्लास्थित शिक्षा तथा समन्वय इकाई तथा विभिन्न कलेजहरुबाट सङ्कलन गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट लिइएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत् सङ्कलन गरिएको छ । यातायाततर्फ, सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न कास्की जिल्लाका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरूको नमुना छनौट गरी विवरण सङ्कलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित सरकारी कार्यालयहरूबाट लिइएको छ भने प्रदेश गौरब तथा रुपान्तरणकारी आयोजना सम्बन्धी विवरण गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयवाट लिइएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरू देहाय वमोजिम रहेका छन ।

- नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकाले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत रुपमा एकरुपता कायम हुन सकेको छैन ।
- सरकारी कार्यालयमा विवरण अद्यावधिक बनाई फाईलिङ हुन नसक्दा संस्थागत सम्झना (Institutional Memory) कमजोर भएकोले सरुवा भई आउने नयाँ कर्मचारीबाट गतवर्षको तथ्याङ्क यकीन हुन नसक्नु तथा कतिपय उद्योगहरूले तथ्याङ्क उपलब्ध गराउने कार्यलाई अनावश्यक बोझका रुपमा लिने गरेको सन्दर्भमा तोकिएको समयभित्र शुद्ध तथ्याङ्क प्राप्त गर्न केही कठिनाई देखिएको छ ।
- यस प्रदेशमा रहेका उद्योग, होटल र सहकारीमध्ये नमूना छनौट गरी १४ उद्योग, १० होटल र १० सहकारीहरूको तथ्याङ्क सङ्कलन गरी समावेश गरिएको छ ।
- यस प्रदेशस्थित ५ वटा ठूला स्थानीय तहहरूको मात्र बजेट एवम् कार्यक्रम समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागद्वारा प्रकाशित आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) बमोजिम तयार पारिएको छ । यस प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा  अध्ययन परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको आर्थिक वृद्धिको विश्लेषण तथा कुल गार्हस्थ उत्पादनको अन्तर-प्रदेश तुलना गरिएको छ । साथै, कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा, प्रदेशको जनसाङ्ख्यिक विवरण र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती पनि यस परिच्छेदमा समावेश गरिएको छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल ग्राहस्थ उत्पादन आधारभूत मूल्यमा ३.५४ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धि २.३१ प्रतिशत रहेको थियो । देशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५७ खर्ब ४ अर्ब ८५ करोड पुग्ने अनुमान गरेको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्धितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २४.६ प्रतिशत, १२.५ प्रतिशत र ६२.९ प्रतिशत रहने अनुमान छ । प्रतिव्यक्ति आम्दानी १४३४ अमेरिकी डलर रहने अनुमान गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) रु.५ खर्ब १६ अर्ब ७० करोड रहने अनुमान छ । चालु आर्थिक वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादन आधारभुत मूल्यमा ४.२३ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धिदर ३.६९ प्रतिशत रहेको थियो ।

## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८०/८१ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.४ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.३ प्रतिशत) रहेको छ । चालु आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ९.१ प्रतिशत रहने अनुमान छ ।


**तालिका २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)**
**(आ.व २०८०/८१)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बाग्मती | गण्डकी | लुम्विनी | कर्णाली | सुदूरपश्चिम | राष्ट्रिय |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९०३.०५ | ७४८.३७ | २०७४.४२ | **५१६.७०** | ८१४.०४ | २४३.९९ | ४०४.२८ | **५७०४.८५** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८ | १३.१ | ३६.४ | **९.१** | १४.३ | ४.३ | ७.१ | **१००** |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) (प्रतिशत) | ३.२१ | ३.४५ | ३.६३ | **४.२३** | ३.६९ | ३.०८ | ३.०६ | **३.५४** |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | १३३६ | ८९२ | २४८४ | **१५५७** | ११५९ | १०६६ | ११११ | **१४३४** |
| कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको हिस्सा( प्रतिशत) | ३३.२ | ३५.३ | १२ | **२६.४** | ३०.२ | २९.७ | ३३.२ | **२४.६** |
| कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको हिस्सा (प्रतिशत) | १५.९ | १०.७ | १०.६ | **१६.८** | १३.६ | ९.५ | १२.५ | **१२.५** |
| कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको हिस्सा (प्रतिशत) | ५०.९ | ५३.९ | ७७.४ | **५६.८** | ५६.३ | ६०.८ | ५४.३ | **६२.९** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) सबैभन्दा बढी (४.२३ प्रतिशत) र सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम (३.०६ प्रतिशत) हुने अनुमान रहेको छ। आर्थिक वृद्धिदरको आधारमा यस प्रदेश प्रथम स्थानमा रहने देखिएतापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा पाँचौं स्थानमा रहेको छ।

**चार्ट २.१ : प्रादेशिक आर्थिक वृद्धिदर**




*स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय।*

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा देशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५७ खर्ब ४ अर्ब ८५ करोड पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रका योगदान क्रमशः २४.६ प्रतिशत, १२.५ प्रतिशत र ६२.९ प्रतिशत रहने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा विश्लेषण गर्दा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा स्थिर प्रायः रहेको देखिन्छ।

गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.४ प्रतिशत, १६.८ प्रतिशत र ५६.८ प्रतिशत रहने अनुमान रहेको छ। यस प्रदेशमा कृषि र उद्योग क्षेत्रको योगदान राष्ट्रिय औसतभन्दा केही बढी र सेवा क्षेत्रको योगदान केही कम हुने देखिएको छ।

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

- यस प्रदेशको मुख्य सम्भावना रहेको क्षेत्र पर्यटन हो। विश्वका १४ उच्च हिमशिखर मध्ये ३ वटा (धवलागिरी (८१६७ मि.), मनास्लु (८१६३ मि.) र अन्नपूर्ण प्रथम (८०९१ मि.) गण्डकी प्रदेशमा अवस्थित रहेको, विश्वको सर्वोच्च उचाइमा रहेको तिलिचो ताल (४९१९ मि.) तथा यहाँ रहेका अन्नपूर्ण, धौलागिरी र मनास्लु सर्किट ट्रेकले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी विदेशी मुद्रा आर्जनको स्रोतको रुपमा विकास गर्न सकिने देखिएको छ। साथै, मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका लगायतको धार्मिक पर्यटकीय स्थलहरूको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिएको छ।

- मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर लगायत अन्य सहायक मार्गहरूको विस्तारले ग्रामीण क्षेत्रमा कृषिजन्य तथा औद्योगिक उत्पादनको लागि आन्तरिक तथा बाह्य बजारको विस्तार गर्न सकिने देखिएको छ। कालीगण्डकी कोरिडोर सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले भारतीय र चिनियाँ पर्यटकहरूको आगमनमा वृद्धि हुने सम्भावना रहेको तथा आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने सम्भावना रहेको छ।

- गण्डकी प्रदेशमा प्राविधिक र आर्थिक रुपले १२,९३० मेगावाट जलविद्युत उत्पादन क्षमता रहेको र हालसम्म ९३३ मेगावाट मात्र जलविद्युत उत्पादन भएकाले थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ र उत्पादन पश्चात भारत र चीनमा निर्यात गर्न सक्ने सम्भावना रहेको छ। साथै, उच्च हिमाली तथा पहाडी जिल्लाहरूमा सौर्य र वायु ऊर्जा उत्पादनको पनि उत्तिकै सम्भावना रहेको छ। ऊर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत, सौर्य र वायु ऊर्जा आयोजना विकास गरी विद्युत उत्पादन उल्लेख्य मात्रामा बढाउन सकिने सम्भावना रहेको छ।

- यस प्रदेशको कुल क्षेत्रफलको ३७.८ प्रतिशत वन क्षेत्र रहेको हुँदा वन पैदावारमा आधारित उद्योगहरूको सम्भावना रहेको देखिन्छ।

- कृषि तर्फ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन मार्फत् मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सक्ने सम्भावना रहेको छ।

- पर्यटनमा अग्रणी स्थानमा रहेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रको आवद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादन आपूर्ति, कृषि ऋणमा सरलीकरण, कृषि बीमा र नयाँ प्रविधिहरूको उपयोगमा प्रोत्साहन र कृषि पर्यटनको विकासमा जोड दिन सकिएमा यस प्रदेशमा आय-आर्जन र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुग्ने देखिएको छ।

- गण्डकी प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछी, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ। पछिल्लो समयमा व्यवसायिक रुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकहरूको आकर्षण बढ्दै गइरहेको छ। उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (पूर्व) को तराई र मध्यभागका टारहरूमा तरकारी तथा अन्नबाली र औद्योगिक गतिविधि विस्तार हुँदै गएको छ। यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना रहेको छ।

- यस प्रदेशमा विदेशबाट फर्किएका युवाहरूको सीप, ज्ञान, पूँजी तथा उन्नत प्रविधि सहित कृषि क्षेत्रमा आकर्षण बढ्दै गएकोले कृषि क्षेत्रमा थप उत्पादकत्व र उत्पादन बढ्ने सम्भावना रहेको देखिन्छ।

### २.३.२ प्रादेशिक चुनौती

- गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्य पहाडी जिल्लाहरूबाट बसाइ/सराई हुने क्रममा तिव्रता आएकाले ती क्षेत्रहरूमा जनसंख्या संकुचन हुँदै गएको छ। यसरी जनसंख्या कम हुँदै गएको सन्दर्भमा उर्वरभूमी बाँझो रहने समस्या समाधान गर्दै प्रचुर सम्भावना रहेको कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ (Backward-Forward Linkage) सम्बन्ध स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्नु।

- कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ

कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ । विगत लामो समयदेखि चर्चामा रहेको भूमी बैंक र जग्गा भाडामा लिने/दिने अवधारणा कार्यान्वयनमा ल्याउनु ।

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न विभिन्न प्रकारका अनुदानको व्यवस्था रहेतापनि वास्तविक किसान वर्गसम्म कृषि अनुदान पुगेको देखिदैन । तसर्थ, विद्यमान कृषि अनुदान व्यवस्थाको पुनरावलोकन गर्दै उत्पादन तथा प्रतिफलमा आधारित कृषि अनुदान प्रणालीको सुरुवात गर्नु । साथै, बजारीकरणको समस्या, विचौलियाको हावी, कृषि क्षेत्रमा परम्परागत खेती प्रणालीकै निरन्तरता, निर्वाहमुखी कृषि प्रणाली, समयानुकुल गुणस्तरीय विउ, मल र उपकरणको अभाव, कृषि विमा व्यवस्थालाई प्रभावकारी गराउनु, युवा जनशक्ति विदेश पलायन भई कृषि क्षेत्रमा श्रम अभाव हुनु लगायतका समस्याहरु समाधान गर्नु ।

- पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजनाहरू समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीका रुपमा रहेका छन् । यसका अतिरिक्त जलविद्युत आयोजनाहरूमा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, परियोजना निर्माणका लागि वनका रुख कटान लगायतका पुराना समस्या अझै विद्यमान रहेकाले निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ । अर्कोतर्फ औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्नु ।

# परिच्छेद ३

# कृषि क्षेत्र

गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान आ.व. २०८०/०८१ मा २६.४ प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान रहेको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको प्रदेशगत र जिल्लागत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिँचाई अवस्था; कृषि कर्जा एवम् कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरूको संक्षिप्त विश्लेषण गरिएको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### ३.१.१ प्रदेशगत स्थिति

पछिल्ला वर्षहरूमा गण्डकी प्रदेशमा कृषि भुभागको क्षेत्रफल निरन्तर घट्दै गएको छ । उच्च हिमाली र पहाडी भेगबाट शहरी क्षेत्रमा बसाई-सराईको निरन्तरता र वैदेशिक रोजगारीको प्रभावले कृषि कार्यमा प्राथमिकता कम हुँदै गएकाले खेतियोग्य जग्गा-जमिन बाँझो रहने कारण कृषि भूमिको क्षेत्रफल घट्दै गएको देखिएको छ । आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव ७.७० प्रतिशतले ह्रास आई ४ लाख ३७ हजार ९७२ हेक्टर रहेको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल २.५३ प्रतिशतले घटेको थियो । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८९.२६ प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ५.५६ प्रतिशत तरकारी, ३.४५ प्रतिशत फलफूल तथा १.५५ प्रतिशत मसला र ०.१८ प्रतिशत भू-भागमा चिया तथा कफी लगाइएको छ । (तालिका ३.१)

**तालिका : ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

(हेक्टरमा)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० (साउन-असार) | हिस्सा (प्रतिशत) | आ.व. २०८०/८१ (साउन-असार) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | ४२६६८८.४१ | ८९.९२ | ३९०९४१.३७ | ८९.२६ | -८.३८ |
| तरकारी | २३८४०.२० | ५.०२ | २४३३२.५५ | ५.५६ | २.०७ |
| फलफूल | १६४८३.२५ | ३.४७ | १५१२६.८२ | ३.४५ | -८.२३ |
| मसला | ६८२०.५० | १.४४ | ६७९२.७८ | १.५५ | -०.४१ |
| चिया | ३५.०० | ०.०१ | ९६.०० | ०.०२ | १७४.२९ |
| कफी | ६४२.०० | ०.१४ | ६८२.८० | ०.१६ | ६.३६ |
| **जम्मा** | **४७४५०९.३६** | **१००.००** | **४३७९७२.३२** | **१००.००** | -७.७० |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### क) खाद्य, नगदे तथा अन्य बाली

समीक्षा बर्षमा गण्डकी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ८.३८ प्रतिशतले ह्रास आई ३ लाख ९० हजार ९४१ हेक्टर रहेको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल २.७९ प्रतिशतले घटेको थियो । बसाईसराई तथा बैदेशिक रोजगारको कारणले जनशक्तिको अभावमा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा प्रत्येक वर्ष कमी हुदै गएको देखिन्छ । समीक्षा वर्षमा आलु, उखु र दलहनको क्षेत्रफलमा क्रमशः १.९७ प्रतिशत, ५.५० प्रतिशत र १०.२२ प्रतिशतले वृद्धि भएको देखिएतापनि धेरै क्षेत्रफलमा खेती गर्ने गरिएको धान, मकै, गहुँ, कोदोको क्षेत्रफलमा क्रमशः ४.१९ प्रतिशत, १२.४८ प्रतिशत, ३.९७ प्रतिशत, १४.६८ प्रतिशत ह्रास भएको छ । जौं, फापर, भटमास र तेलहनको क्षेत्रफलमा क्रमशः २९.३८ प्रतिशत, ३९.३८ प्रतिशत, १.१७ प्रतिशत र ०.६८ प्रतिशत ह्रास भएको छ । खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३३.६५ प्रतिशत भु-भागमा मकै, २६.०७ प्रतिशत भु-भागमा धान र २५ प्रतिशत भु-भागमा कोदो खेती रहेको छ ।

(ख) **तरकारी**

समीक्षा वर्षमा तरकारीले ढाकेको क्षेत्रफलमा २.०७ प्रतिशतले वृद्धि भई २४ हजार ३ सय ३२ हेक्टर रहेको छ । अघिल्लो वर्ष यस्तो क्षेत्रफलमा १.०३ प्रतिशतले ह्रास भएको थियो ।

(ग) **फलफूल**

समीक्षा वर्षमा फलफूलले ढाकेको क्षेत्रफलमा ८.२३ प्रतिशतले ह्रास आई १५ हजार १ सय २६ हेक्टर भएको छ । अघिल्लो वर्ष यस्तो क्षेत्रफलमा ०.३८ प्रतिशतले वृद्धि भएको थियो । फलफूलमध्ये सुन्तला, केरा र अन्य फलफूलको क्षेत्रफलमा वृद्धि भएको छ भने आँप तथा स्याउको क्षेत्रफलमा ह्रास आएको छ ।

(घ) **मसलाजन्य बाली**

समीक्षा वर्षमा मसला बालीले ढाकेको क्षेत्रफल ०.४१ प्रतिशतले ह्रास भई ६ हजार ७ सय ९२ हेक्टर पुगेको छ । अघिल्लो वर्ष यस्तो क्षेत्रफलमा २.०३ प्रतिशतले वृद्धि भएको थियो ।


(ङ) **चिया तथा कफी खेती**

समीक्षा वर्षमा चिया तथा कफीले ढाकेको क्षेत्रफलमा क्रमशः १४७.२९ प्रतिशत र ६.३६ प्रतिशतले वृद्धि भएको छ । लमजुङ जिल्लाको दोर्दी, कालासोतार र दुधपोखरी गाउँपालिकामा चिया खेती नयाँ विस्तार गरिएकाले चिया खेतीले ढाकेको क्षेत्रफलमा अत्याधिक वृद्धि देखिएको छ ।

## ३.१.२ जिल्लागत स्थिति

कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको कुल खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी (१४.३६ प्रतिशत) स्याङ्जा जिल्लामा रहेको छ भने सबैभन्दा कम मुस्ताङ (०.२४ प्रतिशत) जिल्लामा रहेको छ । तरकारी खेती भएको कुल क्षेत्रफल मध्ये करिब ७५ प्रतिशत भुभाग कास्की, तनहुँ, स्याङ्जा, लमजुङ, र बाग्लुङ जिल्लामा मात्रै रहेको छ । फलफुल खेती भएको कुल क्षेत्रफल मध्ये करिब ६७ प्रतिशत भुभाग स्याङ्जा, गोरखा, तनहुँ, बाग्लुङ र कास्की जिल्लामा रहेको छ भने मसला खेतीमा कुल क्षेत्रफलको करिब ६९ प्रतिशत भुभाग कास्की, तनहुँ, नवलपरासी, स्याङ्जा र बाग्लुङ जिल्लामा रहेको पाइन्छ ।

**चार्ट ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (हजार हेक्टरमा)**




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### तालिका : ३.२ कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) |
| गोरखा | ५२,७०५.९३ | १३.४८ | १,९०३.०० | ७.८२ | १,९९४.०० | १३.१८ | १७०.०० | २.५ |
| मनाङ | १,११९.०६ | ०.२९ | १००.०० | ०.४१ | १८९.०० | १.२५ | १६.०० | ०.२ |
| मुस्ताङ | ९२९.०५ | ०.२४ | ७२.६५ | ०.३० | ९३२.११ | ६.१६ | २६.२८ | ०.४ |
| म्याग्दी | २१,३५६.६३ | ५.४६ | १,२४५.४० | ५.१२ | १,१८७.०० | ७.८५ | १२७.०० | १.९ |
| कास्की | ४८,८६४.५६ | १२.५० | ५,२९०.०० | २१.७४ | १,४३३.०० | ९.४७ | १,२००.०० | १७.७ |
| लमजुङ | ३७,८८६.३० | ९.६९ | २,८०५.०० | ११.५३ | ५६२.६१ | ३.७२ | १,५१२.०० | २२.३ |
| तनहुँ | ४४,७५३.९९ | ११.४५ | ४,२०६.०० | १७.२९ | १,८३९.०० | १२.१६ | १,०५१.०० | १५.५ |
| नवलपरासी (पूर्व) | ४९,५४३.७४ | १२.६७ | १,७२३.५० | ७.०८ | ९१६.१० | ६.०६ | ९७०.०० | १४.३ |
| स्याङ्जा | ५६,१४९.१९ | १४.३६ | २,९९३.०० | १२.३० | ३,४०७.०० | २२.५२ | ९२५.०० | १३.६ |
| पर्वत | ३३,७२३.८२ | ८.६३ | ९९८.०० | ४.१० | १,१९९.०० | ७.९३ | २१०.५० | ३.१ |
| बाग्लुङ | ४३,९०९.१० | ११.२३ | २,९९६.०० | १२.३१ | १,४६८.०० | ९.७० | ५८५.०० | ८.६ |
| **जम्मा** | ३९०,९४१.३७ | १००.०० | २४,३३२.५५ | १०० | १५,१२६.८२ | १००.०० | ६,७९२.७८ | १०० |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

## ३.२ कृषि उत्पादन

### ३.२.१ प्रदेशगत स्थिति

समीक्षा वर्षमा प्रमुख कृषि बालीहरूको उत्पादनमा ४.७७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादन ०.०५ प्रतिशतले वृद्धि भएको थियो । (तालिका ३.३)

### तालिका : ३.३ कृषि बालीको उत्पादन

(मेट्रिक टन)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० (साउन-असार) | हिस्सा (प्रतिशत) | आ.व. २०८०/८१ (साउन-असार) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | १४१६६१२.९७ | ७५.३२ | १४८३३९६.७८ | ७५.२८ | ४.७१ |
| तरकारी | ३०५२४२.८९ | १६.२३ | ३२१८५९.५४ | १६.३३ | ५.४४ |
| फलफूल | १००१५७.२५ | ५.३३ | १०३९६१.४२ | ५.२८ | ३.८० |
| मसला | ५८१४४.९४ | ३.०९ | ६०७७५.४१ | ३.०८ | ४.५२ |
| चिया | ८६.८५ | ०.०० | १११.५५ | ०.०१ | २८.४४ |
| कफी | २२३.७५ | ०.०१ | ११७.७७ | ०.०१ | -४७.३७ |
| मह | ३२१.२० | ०.०२ | ३३०.५५ | ०.०२ | २.९१ |
| **जम्मा** | **१८८०७८९.८५** | **१००.००** | **१९७०५५३.०२** | **१००.००** | **४.७७** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### (क) खाद्य तथा अन्य बाली


समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा ४.७१ प्रतिशतले ह्रास आएको छ । यस अवधिमा धान, कोदो, फापर, आलु, उखु, भटमास र दलहनको उत्पादनमा क्रमशः ०.१३ प्रतिशत, ११.४१ प्रतिशत, ३.२६ प्रतिशत, १८.५० प्रतिशत, १.२७ प्रतिशत, ०.९६ प्रतिशत र १३.३५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी मकै, गहुँ, जौं र तेलहनको उत्पादनमा क्रमशः ०.५९ प्रतिशत, २.६८ प्रतिशत, ३३.५७ प्रतिशत

र ५.७२ प्रतिशतले ह्रास भएको छ । गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको कुल उत्पादन मध्ये मकैको अंश ३०.४६ प्रतिशत, धानको अंश २६.४० प्रतिशत र आलु उत्पादनको अंश २५.१५ प्रतिशत रहेको छ ।

## (ख) तरकारी

समीक्षा वर्ष २०८०/८१ मा तरकारीको उत्पादन ५.४४ प्रतिशतले वृद्धि भई ३ लाख २१ हजार ८ सय ५९ मेट्रिक टन उत्पादन भएको छ । उक्त उत्पादन गत आर्थिक वर्षमा २.०५ प्रतिशतले कमी आएको थियो ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीहरूको उत्पादन** (हजार मे.टनमा)




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

## (ग) फलफूल

समीक्षा वर्षमा फलफूलको उत्पादनमा ३.८० प्रतिशतले वृद्धि भई १ लाख ३ हजार ९ सय ६१ मेट्रिक टन उत्पादन भएको छ । यसमध्ये आँप, केरा र सुन्तलाको उत्पादन क्रमश १४.९७ प्रतिशत, ११.७७ प्रतिशत र ४.७९ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा फलफूलको उत्पादनमा १.८७ प्रतिशतले वृद्धि भएको थियो ।

## (घ) मसला

समीक्षा वर्षमा मसलाजन्य बालीको उत्पादनमा ४.५२ प्रतिशतले वृद्धि भई ६० हजार ७ सय ७५ मेट्रिक टन उत्पादन भएको छ । गत वर्ष मसलाजन्य बालीको उत्पादनमा ३.९१ प्रतिशतले वृद्धि भएको थियो ।

**बक्स १: श्री जनविश्वास कृषि तथा पशु बहुउद्देश्यीय फार्म प्रा.लि.**



गण्डकी प्रदेशको स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका-१, मट्टीखानमा स्याङ्जा जिल्लाकै ठुलो पशुपालन फार्मको रुपमा जनविश्वास कृषि तथा पशु बहुउद्देश्यीय फार्म प्रा.लि. सञ्चालनमा रहेको छ । गण्डकी प्रदेशमा कृषि तथा पशुपालन व्यवसायलाई प्रर्वद्धन गर्दै राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको योगदानमा वृद्धि गर्ने, अन्य मानिसहरुलाई पनि कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गर्ने र रोजगारी सृजना गर्ने अभिप्रायले स्थानीय विष्णु प्रसाद पोखरेलबाट मिति २०७७/०४/२० मा फार्मको रुपमा दर्ता भई सञ्चालन गरिएको र मिति २०७९/१०/१६ मा कम्पनी ऐन, २०६३ अनुसार प्राइभेट कम्पनी (दर्ता नं ३०६०२४/०७९/८०) मा परिवर्तन गरी सञ्चालन गरिएको छ ।

चालु पुँजी रु. ५० लाख र स्थिर पुँजी रु. १ करोड रहेको यस प्रा.लि.मा हाल कुल रु. ७ करोड लगानी भैसकेको कम्पनीका सञ्चालकले जानकारी दिनुभयो । शुरुमा १० वटा भैसीबाट शुरु गरिएको यो कम्पनीमा हाल १८० वटा भैसी र ७० वटा गाई गरी २५० वटा गाईभैसी रहेका छन् । हाल दैनिक ६०० लिटर दुध उत्पादन भैरहेको यस कम्पनीको बजार स्याङ्जा र कास्की जिल्ला रहेको छ । कुल २६ रोपनी क्षेत्रफलमा फैलिएको यस कम्पनीमा हाल १८ जना मानिसहरुले रोजगारी प्राप्त गरिरहेका छन् । यस कम्पनीले भविष्यमा करिब ३५० गाईवस्तुमार्फत् दैनिक १ हजार लिटर दुध उत्पादन गर्ने तथा थप १२ जना मानिसहरुलाई रोजगारी दिई ३० जना पुऱ्याउने लक्ष्य राखेको कम्पनीले जानकारी दिएको छ ।

## ३.२.२ जिल्लागत स्थिति

समीक्षा वर्षमा गण्डकी प्रदेशमा कृषि उत्पादनको जिल्लागत विश्लेषण गर्दा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी स्याङ्जा जिल्लामा १४.७ प्रतिशत उत्पादन भएको छ भने सबैभन्दा कम मुस्ताङ जिल्लामा ०.६ प्रतिशत उत्पादन भएको छ । कुल तरकारी उत्पादनमध्ये सबैभन्दा बढी कास्की जिल्लामा २१.२ प्रतिशत र सबैभन्दा कम मनाङ/मुस्ताङ जिल्लामा ०.३ प्रतिशत उत्पादन भएको छ । कुल फलफूल खेतीमध्ये सबैभन्दा बढी उत्पादन स्याङ्जा जिल्लामा २४.१ प्रतिशत र सबैभन्दा कम उत्पादन मनाङ जिल्लामा १.२ प्रतिशत उत्पादन भएको छ । कूल मसला उत्पादनमध्ये कास्की जिल्लामा सबैभन्दा बढी १९.३ प्रतिशत र मनाङ जिल्लामा सबैभन्दा कम ०.१ प्रतिशत उत्पादन भएको देखिन्छ ।(तालिका ३.४)

**तालिका: ३.४ कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | १७०,२६८.६२ | ११.५ | ४७,०६९.३ | १४.६ | १७,१७६.० | १६.५ | १,८३२.० | ३.० |
| मनाङ | १०,७२८.३४ | ०.७ | ८९९.० | ०.३ | १,२३८.० | १.२ | ७१.० | ०.१ |
| मुस्ताङ | ८,६८०.२० | ०.६ | ९६८.२ | ०.३ | ४,९७६.५ | ४.८ | २४०.५ | ०.४ |
| म्याग्दी | ८९,३१९.२७ | ६.० | १५,२२४.० | ४.७ | ४,२९३.० | ४.१ | १,६०५.० | २.६ |
| कास्की | १८०,४७३.५१ | १२.२ | ६८,१०९.० | २१.२ | ७,८१०.० | ७.५ | ११,७१२.० | १९.३ |
| लमजुङ | १४१,४६७.२१ | ९.५ | २६,७६८.० | ८.३ | १,३१५.४ | १.३ | ५,७०१.० | ९.४ |
| तनहुँ | १६६,५१३.४६ | ११.२ | ४५,५०२.० | १४.१ | १५,८२०.० | १५.२ | १०,८०४.० | १७.८ |
| नवलपरासी (पूर्व) | २००,२४३.२१ | १३.५ | २२,९६५.० | ७.१ | १५,९७३.५ | १५.४ | १०,९७४.० | १८.१ |
| स्याङ्जा | २१७,९६३.१४ | १४.७ | ३४,३९१.० | १०.७ | २५,०९०.० | २४.१ | १०,१७७.० | १६.७ |
| पर्वत | १०५,०८२.२५ | ७.१ | १५,८००.० | ४.९ | ५,६४३.० | ५.४ | १,२६६.० | २.१ |
| बाग्लुङ | १९२,६५७.५७ | १३.० | ४४,१६४.० | १३.७ | ४,६२६.० | ४.४ | ६,३९२.९ | १०.५ |
| **जम्मा** | १,४८३,३९६.७८ | १०० | ३२१,८५९.५४ | १०० | १०३,९६१.४२ | १००.० | ६०,७७५.४१ | १०० |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

## ३.३ पशुपंछी तथा माछा उत्पादन

### ३.३.१ प्रदेशगत स्थिति

आर्थिक वर्ष २०८०/८१ मा दुध, मासु र अण्डाको उत्पादन क्रमशः ३.३८ प्रतिशत, १ प्रतिशत र १५.२९ प्रतिशतले कमी आएको छ भने माछा उत्पादनमा ४.९९ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा गोरखा जिल्लामा लेयर्स कुखराहरुको पालनमा व्यापक कमी आएको कारणले गर्दा अण्डा उत्पादनमा ७२.८० प्रतिशतले कमी हुँदा समग्र गण्डकी प्रदेशको अण्डा उत्पादनमा नकारात्मक असर परेको देखिन्छ । अघिल्लो वर्ष सोही अवधिमा दुध र अण्डाको उत्पादन क्रमशः ७.१० प्रतिशत र ५.७७ प्रतिशतले वृद्धि भएको थियो भने मासुको उत्पादनमा ०.७३ प्रतिशतले कमी भएको थियो ।

**तालिका: ३.५ प्रमुख पशुपंछी तथा माछा उत्पादन**

| उत्पादन | २०७९/८० | २०८०/८१ | बृद्धिदर |
|---|---|---|---|
| दुध (हजार लिटर) | २६९५४८.७८ | २६०४२६.५६ | -३.३८ |
| मासु (मेट्रिक टन) | ५५१६०.१२ | ५४६०५.८६ | -१.०० |
| अण्डा (हजार गोटा) | २८४८३८.९२ | २४१२७३.१२ | -१५.२९ |
| माछापालन (मेट्रिक टन) | १५५१.९१ | १६२९.३८ | ४.९९ |

*स्रोत: पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश ।*

### ३.३.२ जिल्लागत स्थिति

दुध उत्पादन सबैभन्दा बढी नवलपरासी (पूर्व) जिल्लामा २१.१८ प्रतिशत र सबैभन्दा कम मनाङ जिल्लामा ०.१२ प्रतिशत उत्पादन भएको छ । मासु र अण्डा उत्पादन सबैभन्दा बढी कास्की जिल्लामा क्रमशः ४६.५८ प्रतिशत र २५.५८ प्रतिशत भएको देखिन्छ भने सबैभन्दा कम मनाङ जिल्लामा क्रमशः ०.०७ प्रतिशत र ०.०३ प्रतिशत उत्पादन भएको देखिन्छ । कुल माछा उत्पादन भने नवलपरासी (पूर्व) मा ६०.२१ प्रतिशत उत्पादन भएको देखिन्छ ।

### तालिका : ३.६ प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत)

| जिल्ला | दुध | | मासु | | अण्डा | | माछापालन | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (हजार लिटर) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (हजार गोटा) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | २८,०२१.०० | १०.७६ | ६,९२८.०० | १२.६९ | १५,८१४.०० | ६.५५ | १५०.०० | ९.२१ |
| मनाङ | ३१७.१० | ०.१२ | ३८.०४ | ०.०७ | ७१.३५ | ०.०३ | ०.१५ | ०.०१ |
| मुस्ताङ | ७४९.६८ | ०.२९ | ४१४.९२ | ०.७६ | १७४.४१ | ०.०७ | ०.६५ | ०.०४ |
| म्याग्दी | ५,४२४.०० | २.०८ | १,५०७.६२ | २.७६ | ५,०९७.३० | २.११ | ३१.१० | १.९१ |
| कास्की | ५२,६९८.९० | २०.२४ | २५,४३४.७० | ४६.५८ | ६१,७१३.५० | २५.५८ | २०१.८० | १२.३९ |
| लमजुङ | १६,६०९.०० | ६.३८ | ३,१७९.०० | ५.८२ | ९,५३२.०० | ३.९५ | ५२.०० | ३.१९ |
| तनहुँ | ३९,५००.५८ | १५.१७ | ४,८८२.३३ | ८.९४ | २८,०१३.५० | ११.६१ | ९७.९८ | ६.०१ |
| नवलपरासी (पूर्व) | ५५,१७०.०० | २१.१८ | ३,९९०.०० | ७.३१ | ६१,५८०.०० | २५.५२ | ९८१.०० | ६०.२१ |
| स्याङ्जा | २६,६१७.०० | १०.२२ | २,५४४.९२ | ४.६६ | ४०,७४७.१२ | १६.८९ | ३२.०० | १.९६ |
| पर्वत | १२,१६२.३० | ४.६७ | २,०००.८३ | ३.६६ | ६,८२६.९४ | २.८३ | ३३.२० | २.०४ |
| बाग्लुङ | २३,१५७.०० | ८.८९ | ३,६८५.५० | ६.७५ | ११,७०३.०० | ४.८५ | ४९.५० | ३.०४ |
| **जम्मा** | **२६०,४२६.५६** | **१००** | **५४,६०५.८६** | **१००** | **२४१,२७३.१२** | **१००** | **१,६२९.३८** | **१००** |

*स्रोत : पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश ।*

## ३.४ वनजन्य उत्पादन

### ३.४.१ प्रदेशगत स्थिति

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको वनजन्य उत्पादनमा काठको उत्पादन २६.१९ प्रतिशत र दाउराको उत्पादनमा ३.१४ प्रतिशतले कमी भएको देखिन्छ । औषधिजन्य वस्तुको उत्पादनमा २२.३४ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्षको सोहि अवधिमा काठ र दाउराको उत्पादन क्रमशः ६६.९८ प्रतिशत र २४.३१ प्रतिशतले बढेको थियो भने औषधिजन्य वस्तुको उत्पादन ४९.५५ प्रतिशतले घटेको थियो । औषधीजन्य वस्तुहरुको मागमा कमी तथा सबै राष्ट्रिय वन क्षेत्रबाट जडीबुटी संकलन नभएको कारणले गर्दा समीक्षा अवधिमा औषधीजन्य उत्पादनमा कमी भएको देखिन्छ ।

### तालिका : ३.७ वनजन्य उत्पादन

| विवरण | एकाइ | २०७९/८० | २०८०/८१ | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| काठ | क्युविक फिट | १,३८४,१३५.७५ | १,७४६,६२६.०४ | २६.१९ |
| दाउरा | चट्टा | २,७६५.१५ | २,६७८.२६ | -३.१४ |
| औषधिजन्य वस्तु | मे.टन | ७७.२६ | ६०.०० | -२२.३४ |
| अन्य उत्पादन | मे.टन | २५२.१४ | २५०.०० | -०.८५ |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला वन कार्यालयहरू ।*

समीक्षा अवधिमा काठजन्य उत्पादनको माग बढ्दै गएको, निजी आवादीबाट रुख कटान भई आन्तरिक तथा बाह्य निकासी भएको, प्रदेश सरकारले आफ्नो वार्षिक कार्यक्रमहरुमा काठ दाउरा उत्पादनमा जोड दिएको र वन नियमावली, २०७९ को नयाँ संशोधनमा दर्ता भएको निजी वनबाट साल कटान गर्न सक्ने प्रावधान रहेका कारणले काठको उत्पादनमा वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा रुखको श्रेणी अनुसार दाउराको उत्पादनमा असर पर्ने भएकाले पहिलो श्रेणीका रुखहरुको कटान बढी हुँदा काठको उत्पादनमा वृद्धि भएतापनि दाउराको उत्पादनमा केही कमी भएको देखिन्छ ।

### ३.४.२ जिल्लागत स्थिति

सबैभन्दा बढी काठको उत्पादन गोरखा जिल्लामा २४ प्रतिशत र सबैभन्दा कम मनाङ जिल्लामा करिब ०.०३ प्रतिशत भएको देखिन्छ । समीक्षा अवधिमा काठजन्य उत्पादनको माग बढ्दै गएको तथा निजी आवादीबाट रुख कटान भई आन्तरिक तथा बाह्य निकासी भएका गोरखा, पर्वत, बाग्लुङ र लमजुङ जिल्लामा काठको उत्पादन वृद्धिदर अन्य जिल्लाहरुको भन्दा बढी देखिएको छ ।

**तालिका : ३.८ काठको उत्पादन (जिल्लागत)**

| जिल्ला | २०७९/८० (क्युविक फिट) | २०८०/८१ (क्युविक फिट) | जिल्लागत हिस्सा (प्रतिशत) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| गोरखा | ९१३९८.८८ | ४१९३३९.०० | २४.० | ३५८.८ |
| मनाङ | ५८०.०१ | ५८०.०१ | ०.०३ | ०.० |
| मुस्ताङ | ४८०२१.५५ | २६४०७.५८ | १.५ | -४५.०१ |
| म्याग्दी | ८९१२५.०० | ८७६८२.२० | ५.० | -१.६२ |
| कास्की | ६१५४१.९८ | ७८२१८.४८ | ४.५ | २७.१ |
| लमजुङ | २४९०१७.९२ | ४००४२०.५३ | २२.९ | ६०.८ |
| तनहुँ | १३५०७९.७६ | १५०२१८.३९ | ८.६ | ११.२१ |
| नवलपरासी (पूर्व) | ५०४५०२.०० | १८३६८४.०० | १०.५ | -६३.५९ |
| स्याङ्जा | ३०५१०.४६ | २६४९३.०२ | १.५ | -१३.१७ |
| पर्वत | ७७५११.८४ | १६८९९४.५७ | ९.७ | ११८.०२ |
| बाग्लुङ | ९६८४६.३५ | २०४५८८.२६ | ११.७ | १११.२५ |
| **जम्मा** | **१,३८४,१३५.७५** | **१,७४६,६२६.०४** | **१००.०** | **२६.१९** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला वन कार्यालयहरू ।*

## ३.५ सिँचाई

### ३.५.१ प्रदेशगत स्थिति

समीक्षा वर्षमा यस प्रदेशमा खेती गरिएको क्षेत्रफल ०.२ प्रतिशतले कमी भई ३ लाख ६३ हजार ८ सय ४२ हेक्टर रहेको छ । यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३३.४ प्रतिशत भू-भाग (१ लाख ५१ हजार ४ सय ३२ हेक्टर क्षेत्रफल)मा सिँचाई सुविधा पुगेको छ ।

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.५ प्रतिशतले बृद्धि भएको छ । कुल सिँचित क्षेत्रफलमध्ये ४५.२ प्रतिशत कुलो र ५४ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरी, बोरिङ्ग तथा थोपा सिँचाई प्रणालीबाट बाँकी ०.७७ प्रतिशत सिँचाइ भएको देखिन्छ ।


**तालिका : ३.९ खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल**

(हेक्टरमा)

| विवरण | आ.ब २०७८/७९ | आ.ब २०७९/८० | आ.ब २०८०/८१ | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| कुल सिँचित क्षेत्रफल | १४१८१९.२ | १५०७१९.८ | १५१४३२.० | ०.५ |
| कुल खेतीयोग्य क्षेत्रफल | ४५३५१९.० | ४५३५१९.० | ४५३५१९.० | ०.०० |
| खेती गरिएको क्षेत्रफल | ३६१७८०.० | ३६४४९२.० | ३६३८४२.० | -०.२ |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

### चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)




*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## ३.५.२ जिल्लागत स्थिति

समीक्षा वर्षमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३३.४ प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेकोमा मुस्ताङ, नवलपरासी (पूर्व), गोरखा, कास्की र पर्वत जिल्लामा औसतभन्दा वढी प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको देखिन्छ भने अन्य जिल्लाहरुमा औसतभन्दा कम प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको देखिन्छ ।

### तालिका : ३.१० खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल (जिल्लागत)

(हेक्टरमा)

| जिल्ला | कुल सिँचित क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफल | खेती गरिएको क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल -प्रतिशत) |
|---|---|---|---|---|
| गोरखा | २५,५६४.० | ५५,६९६.० | ५४,०१६.० | ४५.९ |
| मनाङ | २३०.० | २,१५३.० | २,१३०.० | १०.७ |
| मुस्ताङ | ४,५९२.० | ५,४६६.० | ४,४००.० | ८४.० |
| म्याग्दी | ६,३२१.० | ३०,४५६.० | १९,४९८.० | २०.८ |
| कास्की | १३,०६६.० | २८,६६१.० | २५,७९५.० | ४५.६ |
| लमजुङ | १५,७४५.० | ५८,३७५.० | ४५,७७७.० | २७.० |
| तनहुँ | ५,७९९.० | ६५,०६५.० | ५१,६१४.० | ८.९ |
| नवलपरासी (पूर्व) | ४१,२४५.० | ६०,१७५.० | ५५,३०४.० | ६८.५ |
| स्याङ्जा | १९,९१७.० | ७२,७३१.० | ५०,५६४.० | २७.४ |
| पर्वत | ११,९७९.० | २८,५९३.० | २४,१७१.० | ४१.९ |
| बाग्लुङ | ६,९७४.० | ४६,१४८.० | ३०,५७३.० | १५.१ |
| **जम्मा** | **१५१,४३२.०** | **४५३,५१९.०** | **३६३,८४२.०** | **३३.४** |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## ३.६ क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूबाट कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जामा ९.६९ प्रतिशतले ह्रास भई रु. २८ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ११.४६ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामा कृषि कर्जाको अंश ८.१४ प्रतिशत रहेको छ । प्रदेशको कुल कृषि कर्जामा कृषि र वन सम्बन्धी उपशीर्षकमा २८ अर्ब १२ करोड (९९.०३ प्रतिशत) र माछापालन सम्बन्धी उपशीर्षकमा २७ करोड (०.९७ प्रतिशत) रहको देखिन्छ । (तालिका ३.११) ।

**तालिका ३.११ : क्षेत्रगत कृषि कर्जा**

रकम रु दश लाखमा

| विवरण | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | परिवर्तन प्रतिशत | क्षेत्रगत सेवा कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| कृषि र वन सम्बन्धी | ३११३१.५९ | २८१२६.९८ | -९.६५ | ९९.०३ |
| माछापालन सम्बन्धी | ३१८.५१ | २७५.२४ | -१३.५८ | ०.९७ |
| कुल कृषि कर्जा | ३१४५०.०९ | २८४०२.२२ | -९.६९ | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौतीहरू

- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत विउ, प्रविधि, सिँचाइ, विद्युत लगायत प्राविधिक सेवा दिगो र सर्वसुलभ रुपमा उपलब्ध गराउनु, खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु, बाँदर तथा वन्यजन्तुबाट हुने हानी नोक्सानी न्यूनीकरण गर्नु ।
- सुलभ ब्याजदरमा कृषि ऋणको उपलब्धता, उत्पादन तथा प्रतिफलमा आधारित अनुदान तथा उत्पादित कृषि उपजको बजारलाई सुनिश्चित गर्नु । साथै, अन्य देशहरुबाट आयात हुने कृषि तथा पशुजन्य उत्पादनलाई निरुत्साहित गरी देशकै उत्पादनलाई प्रोत्साहित गर्नु ।
- कृषि पेशा तथा पशुपालन व्यवसायलाई सम्मानित पेशाको रुपमा विकास गर्नु तथा यस क्षेत्रमा युवाको आकर्षण बढाउनु ।
- कृषि तथा पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग, जुनोटिक रोगहरु तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु ।
- कृषि-विमा कार्यक्रम प्रभावकारी बनाई विमा दावी भुक्तानी कार्यलाई सहज रुपमा हुने व्यवस्था गर्नु ।
- विदेशबाट फर्किएका व्यक्तिहरुलाई आर्थिक एवम् प्राविधिक सहजीकरण मार्फत् कृषि तथा पशुपालन व्यवसायमा संलग्न हुने वातावरणको सृजना गर्नु ।
- प्रादेशिक कृषि विकास रणनीति तयार भइनसकेकाले राष्ट्रिय सूचक अनुसार प्रादेशिक सूचक तर्जुमा हुन नसक्नु । साथै, प्रदेश भित्रको आयात र निर्यातको अभिलेखीकरण हुन नसक्नु ।

### ३.७.२ सम्भावनाहरू

- नेपाल सरकारले कास्की जिल्लाको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको तथा गण्डकी प्रदेश आफैमा उत्कृष्ट पर्यटन गन्तव्य भएको सन्दर्भमा कृषिलाई पर्यटनसँग जोड्न सकेमा कृषि तथा पशुपालन व्यवसायबाट राम्रो आयआर्जन गर्न सकिने सम्भावना देखिन्छ ।

- नेपाल सरकारले आ.व २०८१/८२ को बजेटमा विक्रम सम्वत् २०८१ देखि २०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा गरिसकेको सन्दर्भमा बजेटमा समावेश गरिएका विभिन्न कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भएमा यस प्रदेशमा कृषि तथा पशुपालन क्षेत्रको राम्रो विकास हुने सम्भावना देखिन्छ ।

- प्रदेश तथा स्थानीय सरकारले कृषि तथा पशुजन्य उत्पादनको बजार सुनिश्चित हुने वातावरणको सृजना गर्न सकेमा उत्पादित बस्तुले उचित मुल्य पाउने हुँदा यस क्षेत्रलाई व्यवसायिक रुपमा अगाडि बढाउन सकिने देखिन्छ ।

- कृषिको लागि समयमै उन्नत मल, बीउ तथा उपकरणको उपलब्धता, पर्याप्त सिँचाई सुविधा, कृषि तथा पशुपालन सम्बन्धी सीप र तालिमको व्यवस्था, कृषि तथा पशुपालन व्यवसायमा देखिने रोगहरुको समयमै रोकथाम तथा नियन्त्रण, बाँदर तथा वन्यजन्तुबाट हुने क्षतिको प्रभावकारी न्यूनीकरण इत्यादि गर्न सकेको खण्डमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि हुने सम्भावना रहेको छ ।

- जग्गा/जमिन भाडामा लिई कृषि र उद्योग व्यवसाय गर्न प्रोत्साहन गर्न भूमी बैंकको अवधारणा शीघ्र कार्यान्वयन भएमा यस क्षेत्रको स्याङ्जा, गोरखा, पर्वत लगायतका जिल्लामा रहेका बाँझो जमिन उपयोगमा आई समग्र प्रदेशको कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।

- यस प्रदेशका मनाङ र मुस्ताङ जिल्लाहरुमा स्याउ खेती, कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा सुन्तला खेती तथा नवलपरासी (पूर्व) मा आँप तथा केरा खेतीको उच्च सम्भावना रहेको छ । साथै, उच्च पहाडी जिल्लाहरुमा यार्सागुम्बा लगायतका जडीबुटीहरुबाट राम्रो आम्दानी गर्न सक्ने सम्भावना रहेको छ ।

- उच्च पहाडी क्षेत्रहरूमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दुध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरूमा व्यावसायिक बाखापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।

# परिच्छेद ४

# उद्योग क्षेत्र


आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १६.८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । गत वर्ष यस्तो हिस्सा १७.४ प्रतिशत रहेको थियो । यस प्रदेशको उद्योग क्षेत्रमा साना र मझौला उद्योगहरूको उल्लेख्य उपस्थिति रहेको छ । आ.व. २०८०/८१ सम्ममा गण्डकी प्रदेशमा दर्ता भएका कुल उद्योगको सङ्ख्या ७३ हजार ७ सय ६६ पुगेको छ भने वाणिज्य फर्मको सङ्ख्या ७४ हजार ३ सय १९ पुगेका छन् ।[1]

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको औद्योगिक क्षेत्रको स्थितिको संक्षिप्त रुपमा विश्लेषण गरिएको छ र औद्योगिक कर्जाको स्थिति एवं उद्योग क्षेत्रमा देखिएको समस्या, चुनौती र सम्भावना समेतलमाई यस परिच्छेदमा समेटिएको छ ।

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

क) आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगहरूको औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा ३.२ प्रतिशत बिन्दुले कमी भई ३९.२ प्रतिशत पुगेको छ । यस प्रदेशमा औसत क्षमता उपयोग भन्दा बढी उत्पादन क्षमता भएका उद्योगहरुमा बिस्कुट उद्योगको ६९.४९ प्रतिशत, वियरको ५७.५४ प्रतिशत, लिक्विड औषधीको ५०.७९ प्रतिशत, तोरीको तेलको ५०.०९ प्रतिशत, चुरोटको ४९.६३ प्रतिशत, चकलेटको ४९.०६ प्रतिशत, सिमेन्ट उद्योगको ४५.६३ प्रतिशत र ईटा उद्योगको ४१.०२ प्रतिशत रहेका छन् । औसतभन्दा कम उत्पादन क्षमता भएकाहरुमा ट्याब्लेट औषधीको ३६.६३ प्रतिशत, क्याप्सुल औषधीको ३४.४९ प्रतिशत, प्रशोधित दुध २५.४१ प्रतिशत, चाउचाउको २१.७१ प्रतिशत, ओइन्टमेन्ट औषधीको ११.२८ प्रतिशत र ड्राई सिरप औषधीको ६.०९ प्रतिशत रहेको देखिन्छ ।

**चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग**




*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरू ।*

[1] वार्षिक प्रगति पुस्तिका-२०८०/८१, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,गण्डकी प्रदेश ।

(ख) समीक्षा वर्षमा सिमेण्ट, ओइन्टमेन्ट औषधी, बिस्कुट, प्रशोधित दुध, तोरीको तेल र चुरोटको उत्पादनमा क्रमशः १२.१० प्रतिशत, ११.०७ प्रतिशत, १०.६५ प्रतिशत, ४.८१ प्रतिशत, ३.११ प्रतिशत र २.३२ प्रतिशतले वृद्धि भएको छ भने ईटा, चकलेट, चाउचाउ, ड्राई सिरप औषधी, वियर, ट्याब्लेट औषधी, लिक्विड औषधी र क्याप्सुल औषधीको उत्पादनमा क्रमशः ३६.४६ प्रतिशत, ३४.२० प्रतिशत, २५.९५ प्रतिशत, १८.७३ प्रतिशत, ९.९३ प्रतिशत, ८.६३ प्रतिशत, ७.८४ प्रतिशत र ३.६५ प्रतिशतले कमी आएको छ।

**तालिका ४.१ औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | आ.व २०७९/८० | आ.व २०८०/८१ | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | ३३५७६.०० | ३४६२०.०० | ३.११ | ५०.०९ |
| प्रशोधित दूध | हजार लिटर | ८७५९.६८ | ९१८०.८७ | ४.८१ | २५.४१ |
| विस्कुट | मे.टन | ६४३१.०० | ७११६.०० | १०.६५ | ६९.४९ |
| चकलेट | मे.टन | ४८४६.७८ | ३१८९.०० | -३४.२० | ४९.०६ |
| चाउचाउ | मे.टन | ५५४१.९० | ४१०३.८० | -२५.९५ | २१.७१ |
| वियर | हजार लिटर | १०४४५५.७७ | ९४०८०.२० | -९.९३ | ५७.५४ |
| चुरोट | दस लाख खिल्ली | ३४९१.९९ | ३५७३.०१ | २.३२ | ४९.६३ |
| ट्याव्लेट औषधी | हजार थान | २०३८६०.०० | १८६२७५.०० | -८.६३ | ३६.६३ |
| क्यापसुल औषधी | हजार थान | २०६७५.०० | १९९२०.०० | -३.६५ | ३४.४९ |
| ओइन्टमेन्ट औषधी | हजार ट्युब | ७५४.०० | ८३७.५० | ११.०७ | ११.२८ |
| ड्राइ सिरप औषधी | हजार बोतल | ३६३.०० | २९५.०० | -१८.७३ | ६.०९ |
| लिक्विड औषधी | हजार बोतल | २५१३.९९ | २३१६.९९ | -७.८४ | ५०.७९ |
| ईंटा | दस लाख गोटा | ८.२० | ५.२१ | -३६.४६ | ४१.०२ |
| सिमेण्ट | मे.टन | १०२१६६८.० | ११४५३०९.५० | १२.१० | ४५.६३ |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरू ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा वर्षमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह भएको औद्योगिक कर्जामा १७.२७ प्रतिशतले ह्रास भई कुल रु. ३१ अर्व १ करोड रहेको छ। गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा ८.८८ प्रतिशत रहेको छ । उक्त कर्जा मध्ये सबैभन्दा बढी गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ९ अर्ब ३४ करोड (३०.१४ प्रतिशत), निर्माण उपशीर्षकमा रु. ९ अर्ब ११ करोड (२९.३८ प्रतिशत), कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ८ अर्ब ९८ करोड (२८.९८ प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उपशीर्षकमा रु.२ अर्ब ५९ करोड (८.३८ प्रतिशत), विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उपशीर्षकमा रु. ५९ करोड (१.९२ प्रतिशत) र खानी सम्बन्धी उत्पादन सम्बन्धी उपशीर्षकमा रु.३७ करोड (१.२१ प्रतिशत) कर्जा लगानी रहेको छ।

### तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा

रकम रु दश लाखमा

| विवरण | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | परिवर्तन प्रतिशत | क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| खानी सम्बन्धी | ४५२.७२ | ३७३.७५ | -१७.४४ | १.२१ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ९२१४.९४ | ८९८७.३५ | -२.४७ | २८.९८ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | १०२९०.४१ | ९३४६.८१ | -९.१७ | ३०.१४ |
| निर्माण | १४०१०.०७ | ९१११.४० | -३४.९७ | २९.३८ |
| विद्युत, ग्यास तथा पानी | ८७८.१७ | ५९४.९३ | -३२.२५ | १.९२ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | २६४०.६७ | २५९८.८० | -१.५९ | ८.३८ |
| **कुल औद्योगिक कर्जा** | **३७४८६.९९** | **३१०१३.०५** | **-१७.२७** | **१००.००** |

*स्रोतः नेपाल राष्ट्र बैंक।*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.३.१ चुनौतीहरू

- अधिकांश उद्योगहरूको उत्पादन क्षमता न्यून (औसत उत्पादन क्षमता उपयोग ३९.२%) देखिएकाले त्यस्ता उद्योगहरूलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु।
- उद्योगहरूको लागि आवश्यक सीपमुलक तथा दक्ष जनशक्तिको अभाव, जनशक्तिको विदेश पलायन एवम् जग्गाको मुल्य उच्च हुनु।
- उद्योग स्थापना तथा नवीकरण गर्नका लागि प्रक्रियागत जटिलताहरू रहनु।
- औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्नु।
- नेपालीहरुको बढ्दो वैदेशिक पलायनले औद्योगिक उत्पादनको बजारलाई साघुरो बनाउदै लैजानु। औद्योगिक क्षेत्रको विकासका लागि पुँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु। साथै, बढ्दो उत्पादन लागतले उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास भएकाले अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु।
- आर्थिक क्षेत्रमा देखिएको मन्दी, आवश्यक विद्युत आपुर्तिमा समस्या तथा सरकारले प्रभावकारी रुपमा पुँजीगत खर्च गर्न नसक्दा उत्पादन उद्योगहरु जस्तै, सिमेण्ट उद्योग, छड उद्योग इत्यादिको क्षमता अनुसार सञ्चालन हुन नसक्नु।

### ४.३.२ सम्भावनाहरू

- नेपाल सरकारले आ.व २०८१/८२ को बजेटमा समावेश गरेको गण्डकी आर्थिक त्रिभुज परियोजना, मेक इन नेपाल र मेड इन नेपाल अभियान तथा विभिन्न उद्योगहरुको लागि आवश्यक सडक, विद्युत, प्रसारण लाइन र इन्टरनेट सेवा लगायतका पूर्वाधारहरुको विकास इत्यादिको प्रभावकारी कार्यान्वयन भएमा यस प्रदेशमा औद्योगिक क्षेत्रको विकासको राम्रो सम्भावना देखिन्छ।

- गण्डकी प्रदेश कृषि, पर्यटन र जलविद्युतको क्षेत्रमा राम्रो संभावना भएको प्रदेश भएकाले सो क्षेत्रसँग सम्बन्धित उद्योगहरूको स्थापना तथा सञ्चालनमार्फत् उत्पादन, आय र रोजगारी वृद्धि गर्न सकिने सम्भावना देखिन्छ । साथै, यस प्रदेशमा युरेनियम, फलाम, चुनढुङ्गा इत्यादिको उत्खनन गर्न सकिने सम्भावना रहेकाले खनिजजन्य उद्योगहरुको विकास गर्न सकिने देखिन्छ ।

- गण्डकी प्रदेशमा बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरूको उद्योगको संख्या र उत्पादन बढी रहेको सन्दर्भमा त्यस्ता वस्तुहरुको आयातमा कडाई गरी उत्पादनलाई थप प्रोत्साहन गर्न सकिएमा उक्त वस्तुहरूमा आत्मनिर्भर हुन सकिने तथा निर्यात गरि वैदेशिक मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

- स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैह्र सरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेश मै उत्पादित सामग्रीलाई बढावा दिन सके स्वदेशी उत्पादन थप अभिवृद्धि हुने ।

- आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै कृषि क्षेत्र तथा स्थानीय श्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने संभावना देखिन्छ ।

- यस प्रदेशमा बैक तथा वित्तीय संस्थाहरूको उपस्थिति राम्रो रहेको कारणले उद्योगहरूमा लगानी सहजता एवं वित्तीय विस्तार हुने ।

# परिच्छेद ५

# सेवा क्षेत्र

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । यस प्रदेशको आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५६.८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रहरूमा देखिएका समस्या, चुनौती र सम्भावनाहरू समेटिएका छन ।

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १० होटलहरूमा मर्मत कार्यले गर्दा शैया संख्या ०.५ प्रतिशतले कमी आई २ लाख ३७ हजार ९ सय ६० रहेको छ भने पर्यटनहरुको आगमनमा वृद्धि भएसँगै शैया विक्री सख्यामा २४.३ प्रतिशतले वृद्धि भई ७३ हजार १ सय २६ पुगेको छ । समग्रमा समीक्षा अवधिमा होटलहरुको अकुपेन्सी २४.९ प्रतिशतले वृद्धि भई ३०.७३ प्रतिशत रहेको छ ।

**तालिका ५.१: पर्यटक आगमन**

| विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| होटलको शैया संख्या | २३९,०४०.०० | २३७,९६०.०० | -०.५ |
| शैया बिक्री | ५८,८३०.०० | ७३,१२६.०० | २४.३ |
| होटल अकुपेन्सी (प्रतिशतमा) | २४.६१ | ३०.७३ | २४.९ |
| बिदेशी पर्यटक आगमन संख्या | ५२,२९९.०० | ५५,१४९.०० | ५.४ |
| प्रत्यक्ष रोजगारी संख्या | ५२८.०० | ५२८.०० | ०.० |

*स्रोत: अध्ययनमा समावेश गरिएका होटल तथा रिसोर्टहरू ।*

**बक्स २: श्री मौलाकालिका केवलकार लिमिटेड**



गण्डकी प्रदेशको गैडाकोट नगरपालिका-१, नवलपरासी पूर्व जिल्लामा अवस्थित मौलाकालिका धार्मिक एवम् पर्यटकीय रुपमा प्रसिद्ध ठाउँ मानिन्छ । उक्त क्षेत्रमा केवलकार लगायत होटल निर्माण गरी पर्यटक प्रर्वद्धन गर्दै राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको योगदानमा वृद्धि गर्ने अभिप्रायले ख्यातिप्राप्त व्यवसायिक समुह आईएमई ग्रुपद्धारा प्रवद्धित यस मौलाकालिका केबलकार लिमिटेड कम्पनी ऐन, २०६३ को प्रावधान अन्तर्गत रही मिति २०७३/०६/१९ गते प्राइभेट कम्पनीको रुपमा दर्ता भई मिति २०८०/०३/०६ मा पब्लिक कम्पनीमा परिवर्तन गरिएको हो ।

यस केबलकारको बटम स्टेशन तथा माथिल्लो स्टेशनसम्मको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई २०८१ वैशाख १ देखि पूर्ण रुपमा सञ्चालनमा आएको छ भने माथिल्लो स्टेशनमा ६० कोठाको होटल निर्माणको कार्य समेत भैरहको छ । करिब १.२५ कि.मी. लम्बाई रहको यस केबलकारमा १२ वटा डिब्बा यात्रु बोक्ने र २ वटा सामान ओसार पसार गर्ने गरी १४ वटा डिब्बाहरु रहेका छन् । यस केवलकारमा १ घण्टामा ५०० जनालाई र वार्षिक ६ लाखलाई सेवा दिन गरी निर्माण सम्पन्न गरिएको कुरा कम्पनीले जानकारी दिएको छ । यो परियोजना ३० प्रतिशत स्वपुँजी र ७० प्रतिशत ऋणपुँजी गरी रु.१ अर्ब ६५ करोड लागतमा निर्माण भईरहको छ । यस कम्पनीमा हाल ५७ जना कर्मचारीहरु कार्यरत रहेका छन् भने होटल निर्माणको कार्य सम्पन्न भएपछि थप ६० जनालाई रोजगारी प्रदान गरिने कम्पनीले जनाएको छ ।

## ५.१.१ हवाई सेवा

आर्थिक वर्ष २०८०/८१ मा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा २१ हवाई सेवा कम्पनीद्धारा ११,४८५ उडान भएको छ जुन अघिल्लो आ.व.को तुलनामा २.७ प्रतिशतले कम हो । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा सो विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या भने २० प्रतिशतले वृद्धि भएको छ साथै हवाई सेवा कम्पनीको सिट उपयोग क्षमता ७७.८५ प्रतिशत रहेको छ । समीक्षा बर्षमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलवाट २ वटा हवाई कम्पनीमार्फत ४ वटा अन्तर्राष्ट्रिय उडान भएको छ जसमा ९८ जना यात्रुले उडान भरेका छन् ।

**तालिका ५.२: हवाई सेवा**

| विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **हवाई सेवा कम्पनी संख्या** | **२२** | **२१** | **-४.५** |
| आन्तरिक | २१ | १९ | -९.५ |
| अन्तर्राष्ट्रिय | १ | २ | १००.० |
| **हवाई सेवा उडान संख्या (समग्र)** | **११८००** | **११४८५** | **-२.७** |
| आन्तरिक | ११७९९ | ११४८१ | -२.७ |
| अन्तर्राष्ट्रिय | १ | ४ | ३००.० |
| **हवाई सेवा कम्पनीको सिट क्षमता** | **५५००७३** | **६३२२०६** | **१४.९** |
| आन्तरिक | ५४९९१५ | ६३१९४४ | १४.९ |
| अन्तर्राष्ट्रिय | १५८ | २६२ | ६५.८ |
| **हवाई सेवा कम्पनीको सिट उपयोग (समग्र)** | **४१००५०** | **४९२१८२** | **२०.०** |
| आन्तरिक | ४०९९६६ | ४९२०८४ | २०.० |
| अन्तर्राष्ट्रिय | ८४ | ९८ | १६.७ |
| **हवाई सेवा कम्पनीको सिट उपयोग (प्रतिशत)** | **७४.५४** | **७७.८५** | **४.४** |
| आन्तरिक | ७४.५५ | ७७.८७ | ४.४ |
| अन्तर्राष्ट्रिय | ५३.१६ | ३७.४० | -१५.७६ |

*स्रोतः नेपाल नागरिक उड्ड्यन प्राधिकरण ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा यस प्रदेशमा बसाईसराई तथा आर्थिक मन्दीका कारण मालपोत कार्यालयहरुमा घर/जग्गा रजिष्ट्रेशन संख्यामा ३३.५ प्रतिशतले कमी आई २४ हजार ४ सय ७८ रहेको छ भने महानगर/नगरपालिकाहरूबाट नक्सा पास संख्यामा १६.१ प्रतिशतले ह्रास भई २ हजार २ सय ९६ रहेको छ । फलस्वरुप, घर जग्गा रजिष्ट्रेशन वापतको राजस्व २.३ प्रतिशतले ह्रास भई रु. २ अर्ब ३३ करोड सङ्कलन भएको छ ।

**तालिका ५.३ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ३६८२९ | २४४७८ | -३३.५ |
| घर/भवन स्थायी नक्सा पास संख्या | २७३६ | २२९६ | -१६.१ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | २३९२.७५ | २३३७.३५ | -२.३ |

*स्रोत : मालपोत कार्यालय, महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंकिङ्ग सेवा

(क) समीक्षा वर्षमा गण्डकी प्रदेशका ११ जिल्लाहरूमा 'क' 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूको शाखामा ०.२८ प्रतिशतले कमी भई १,४०० पुगेको छ । जसमध्ये वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्तको शाखा संख्या क्रमशः ५९९, १९१, ३७ र ५७३ रहेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार कास्की, नवलपरासी (पूर्व) र तनहुँ जिल्लाहरूमा अधिकेन्द्रित देखिएको छ ।


**तालिका ५.४ : बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति**

| जिल्ला | २०८० असार | | २०८१ असार | |
|---|---|---|---|---|
| | शाखा संख्या | प्रतिशत | शाखा संख्या | प्रतिशत |
| कास्की | ३८० | २७.०७ | ३७९ | २७.०७ |
| स्याङ्जा | १२८ | ९.१२ | १३० | ९.२९ |
| तनहुँ | १८९ | १३.४६ | १९० | १३.५७ |
| गोरखा | ११४ | ८.१२ | ११५ | ८.२१ |
| लमजुङ | १०४ | ७.४१ | १०४ | ७.४३ |
| मनाङ | १७ | १.२१ | १७ | १.२१ |
| मुस्ताङ | २४ | १.७१ | २३ | १.६४ |
| पर्वत | ८३ | ५.९१ | ८३ | ५.९३ |
| बाग्लुङ | १०६ | ७.५५ | १०४ | ७.४३ |
| म्याग्दी | ५३ | ३.७७ | ५४ | ३.८६ |
| नवलपरासी (पूर्व) | २०६ | १४.६७ | २०१ | १४.३६ |
| **जम्मा** | **१४०४** | **१००** | **१४००** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

(ख) समीक्षा वर्षमा गण्डकी प्रदेशमा निक्षेप परिचालन १२.५ प्रतिशतले वृद्धि भई ५ खर्ब ३४ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप १९.३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, कुल कर्जा लगानी १.७ प्रतिशतले ह्रास भई रु. ३ खर्ब ४९ अर्ब ७ करोड पुगेको छ । जसमध्ये कृषि क्षेत्रमा रु. २८ अर्ब ४० करोड, औद्योगिक क्षेत्रमा रु. ३१ अर्ब १ करोड, सेवा क्षेत्रमा रु.१ खर्ब ११ अर्ब ६३ करोड र अन्य क्षेत्रमा (रियल स्टेट, शिक्षा, उपभोग लगायतका अन्य क्षेत्रमा) रु.१ खर्ब ७८ अर्ब १ करोड प्रवाह भएको छ ।

**चार्ट ५.१: निक्षेप तथा कर्जाको विवरण (रु. अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

(ग) समीक्षा वर्षमा निक्षेपकर्ताहरूको संख्यामा ८.४ प्रतिशतले वृद्धि भई ६१ लाख ४७ हजार पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा १२.४ प्रतिशतले वृद्धि भएको थियो ।

(घ) समीक्षा वर्षमा यस प्रदेशमा इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ताको संख्यामा १४.७३ प्रतिशतले वृद्धि भई २ लाख ४२ हजार पुगेको छ भने मोबाइल बैंकिङ्ग प्रयोगकर्ताको संख्यामा ५.४६ प्रतिशतले वृद्धि

भई २६ लाख ४९ हजार पुगेको छ। साथै, ए.टि.एम.को संख्यामा ४.१ प्रतिशतले वृद्धि भई ६०५ पुगेको छ।

**तालिका ५.५ : वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| | आ.व २०७९/८० | आ.व २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेपकर्ताको संख्या | ५६,६९,४०४ | ६१,४७,०९३ | ८.४ |
| ऋणीहरूको संख्या | २,४३,११५ | २,३४,५७२ | -३.५ |
| इन्टरनेट बैकिंग | २,११,२३७ | २,४२,३६० | १४.७३ |
| मोबाइल बैकिंग | २५,१२,०६० | २६,४९,१९० | ५.४६ |
| एटिएम संख्या | ५८१ | ६०५ | ४.१ |

*स्रोतः नेपाल राष्ट्र बैंक।*

(ङ) आर्थिक वर्ष २०८०/८१ मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट यस प्रदेश अन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरूमा सञ्चालित ९ नोटकोषहरूमा रु. १६ अर्ब फण्ड ट्रान्सफर भएको छ। अघिल्लो वर्ष सोही अवधिमा रु. १७ अर्ब ११ करोड फण्ड ट्रान्सफर भएको थियो।

(च) आर्थिक वर्ष २०८०/८१ मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु.१ अर्ब ४६ करोड ५० लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ। अघिल्लो वर्ष रु.३ अर्ब २० करोड बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो।

कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रा मध्ये अमेरिकी डलर २३.५६ प्रतिशत र युरो ४२.१४ प्रतिशत रहेको छ। समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट भारतीय मुद्रा बिक्री ५८.१ प्रतिशतले कमी भई रु. २ करोड ५४ लाख बराबरको बिक्री भएको छ भने रु. ४ करोड ४ लाख बराबरको भारतीय मुद्रा खरिद भएको छ।

**तालिका ५.६ : परिवर्त्य विदेशी मुद्रा खरिद विवरण**

(रु. करोडमा)

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| अमेरिकी डलर | १३६.८९ | ३४.५१ | -७४.८ |
| युरो | १०३.४९ | ६१.७३ | -४०.४ |
| अन्य मुद्रा | ७९.८० | ५०.२३ | -३७.१ |
| **जम्मा** | **३२०.२०** | **१४६.५०** | **-५४.३** |

*स्रोतः नेपाल राष्ट्र बैंक।*

## ५.३.२ अन्य वित्तीय सेवा

(क) आर्थिक वर्ष २०७९/८० सम्ममा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमार्फत् विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरूको संख्या १२१ रहेकोमा आर्थिक वर्ष २०८०/८१ असार मसान्तमा यस्ता संस्थाहरूको संख्या ११२ रहेको छ। जसमध्ये, मनिचेन्जर ३६, होटल/रिसोर्ट ३०, ट्राभल एजेन्सी १७, ट्रेकिङ्ग एजेन्सी २४ र अन्यको संख्या ५ रहेको छ।

**तालिका ५.७ : विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरू**

| | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मनिचेञ्जर | ३९ | ३६ | -७.६९ |
| होटेल/रिसोर्ट | ३३ | ३० | -९.०९ |
| ट्राभल एजेन्सी | १८ | १७ | -५.५६ |
| ट्रेकिङ | २४ | २४ | - |
| अन्य | ७ | ५ | -२८.५७ |
| **जम्मा** | **१२१** | **११२** | **-७.४४** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

आ.व. २०८०/८१ मा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयहरूमा दर्ता भएका यातायातका साधनको संख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा १०.४५ प्रतिशतले ह्रास भई १२ हजार ९ सय ३८ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि ४३.१ प्रतिशतले ऋणात्मक रहेको थियो । यसमध्ये आ.व. २०८०/८१ म मोटरसाईकलको संख्या ११ हजार १ सय २३ र अन्य यातायातको साधनको संख्या १ हजार ८ सय १५ रहेको छ । यस प्रदेशमा आर्थिक मन्दी, आयातमा कडाई तथा युवाहरुको बढ्दो विदेश पलायन इत्यादि कारणले यातायातको साधनहरुको दर्ता क्रमशः कम हुदै गएको देखिन्छ ।

**तालिका ५.८ : गण्डकी प्रदेशमा यातायात सेवा**

| विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | १४४४७ | १२९३८ | -१०.४५ |
| मोटरसाईकल | १२१५६ | १११२३ | -८.५० |
| अन्य ....... | २२९१ | १८१५ | -२०.७८ |

*स्रोतः विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालय ।*

### ५.४.२ सञ्चार

यस प्रदेशमा सञ्चार सेवाको अवस्था हेर्दा आ.व. २०८०/८१ को फागुनसम्ममा Landline सेवामा ११,४५२, ADSL सेवामा ४,७६३ र FTTH सेवामा ४४,२९१ रहेको पाइएको छ । गत वर्षको तथ्यांकसँग तुलना गर्दा Landline र ADSL सेवाको प्रयोगमा कमी हुदै गएको देखिन्छ भने FTTH सेवाको प्रयोगमा वृद्धि भएको देखिन्छ ।

**तालिका ५.९ : गण्डकी प्रदेशमा सञ्चार सेवाको अवस्था**

| जिल्ला | आ.व. २०७९/८० | | | आ. व. २०८०/८१* | | |
|---|---|---|---|---|---|---|
| | Landline | ADSL | FTTH | Landline | ADSL | FTTH |
| बाग्लुङ | ६८५ | ४८५ | ४०७७ | ६८५ | ४८५ | ४१५३ |
| गोरखा | २७३ | १६१ | १५६१ | ० | ७६ | १७३१ |
| कास्की | १३४६० | ४४२५ | २१३०१ | ६००८ | १६७१ | २३४३३ |
| लमजुङ | २२९ | १२४ | ११३५ | २२४ | १२१ | ११८५ |
| मनाङ | ० | ० | २०७ | ० | ० | २२२ |
| मुस्ताङ | ० | ० | ९७८ | ० | ० | १००९ |
| म्याग्दी | १५९ | १४३ | १५०६ | १५९ | १४३ | १५५८ |
| नवलपरासी (पूर्व) | ३६३१ | १३२७ | १९४० | २५९१ | १३२७ | २७०६ |
| पर्वत | १३९ | १२७ | १८२३ | १३९ | १२७ | १८९१ |
| स्याङ्जा | ५०६ | २३४ | १५६३ | ४६१ | १७१ | १६५० |
| तनहुँ | १६११ | ८६९ | ४१६४ | ११८५ | ६४२ | ४७५३ |
| **जम्मा** | **२०६९३** | **७८९५** | **४०२५५** | **११४५२** | **४७६३** | **४४२९१** |

*स्रोत: गण्डकी प्रदेश, आर्थिक सर्वेक्षण २०८०/८१*
**फागुन मसान्तसम्म*

## ५.५ स्वास्थ्य

आर्थिक वर्ष २०७९/८० सम्ममा गण्डकी प्रदेशमा कुल सरकारी/सामुदायिक अस्पतालहरूको संख्या ४७ रहेकोमा आर्थिक वर्ष २०८०/८१ असार मसान्तमा यस्ता संस्थाहरूको संख्या ४.२६ प्रतिशतले वृद्धि भई ४९ पुगेको छ भने शैया संख्या ५.१२ वृद्धि भई १,४९९ पुगेको छ । यस प्रदेशमा निजी अस्पतालको संख्या ६५, चिकित्सकको संख्या ४२६ रहेको छ भने शैयाको संख्या २,८०० रहेको छ ।

**तालिका ५.१०: गण्डकी प्रदेशमा स्वास्थ्य सेवा**

| विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **१. सरकारी/सामुदायिक अस्पताल** | | | |
| अस्पताल संख्या | ४७ | ४९ | ४.२६ |
| चिकित्सक संख्या | ३१३ | ३६३ | १५.९७ |
| शैया संख्या | १४२६ | १४९९ | ५.१२ |
| **२. निजी अस्पताल** | | | |
| अस्पताल संख्या | ६५ | ६५ | ०.०० |
| चिकित्सक संख्या | ४०२ | ४२६ | ५.९७ |
| **शैया संख्या** | **२७४७** | **२८००** | **१.९३** |

*स्रोत : स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय ।*

## ५.६ शिक्षा

समीक्षा वर्षमा यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयको संख्यामा ३.२२ प्रतिशतले कमी भई ३,३१० पुगेको छ । साथै, विद्यार्थी संख्या र शिक्षक संख्यामा पनि क्रमशः १.८४ र २.३० प्रतिशतले कमी आएको छ । संस्थागत/निजी विद्यालयको विद्यार्थी संख्या र शिक्षक संख्यामा पनि क्रमशः १.४५ र ०.६८ प्रतिशतले वृद्धि भएतापनि विद्यालयको संख्यामा ३.३९ प्रतिशतले कमी आएको छ । त्यस्तै, प्राविधिक

शिक्षालयको संख्यामा परिवर्तन आएको नदेखिएतापनि विद्यार्थी संख्या र शिक्षक संख्यामा पनि क्रमशः ७.४७ र ०.१८ प्रतिशतले कमी देखिएको छ ।

कक्षा १२ को अध्ययनपछि विदेश पढ्न जाने प्रवृत्ति बढ्नु, रोजगारको सिलसिलामा विदेश जाने प्रवृत्ति रहनु तथा बसाईसराई इत्यादि कारणले गर्दा समीक्षा वर्षमा विश्वविद्यालयमा आवद्ध क्याम्पसको संख्यामा २.८२ प्रतिशतले कमी भई ६९ वटामा सिमित भएको छ । त्यस्तै, विद्यार्थीको संख्या र शिक्षकको संख्यामा पनि क्रमशः ३.४० र ४.१६ प्रतिशतले कमी आएको छ ।

**तालिका ५.११: गण्डकी प्रदेशमा शिक्षा सेवा**

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | समीक्षा अवधि परिवर्तन प्रतिशत |
|---|---|---|---|
| **सरकारी/सामुदायिक विद्यालय** | | | |
| विद्यालय संख्या | ३४२० | ३३१० | -३.२२ |
| विद्यार्थी संख्या | ३९०१५१ | ३८२९५५ | -१.८४ |
| शिक्षक संख्या | २४८१९ | २४२४९ | -२.३० |
| **संस्थागत/निजी विद्यालय** | | | |
| विद्यालय संख्या | ७३८ | ७१३ | -३.३९ |
| विद्यार्थी संख्या | २०३७७६ | २०६७२१ | १.४५ |
| शिक्षक संख्या | ९२८१ | ९३४४ | ०.६८ |
| **प्राविधिक शिक्षालय** | | | |
| शिक्षालय संख्या | ७१ | ७१ | ०.०० |
| विद्यार्थी संख्या | ३९६३ | ३६६७ | -७.४७ |
| शिक्षक संख्या | ५५० | ५४९ | -०.१८ |
| **विश्वविद्यालयमा आबद्ध भएका क्याम्पस** | | | |
| क्याम्पस संख्या | ७१ | ६९ | -२.८२ |
| विद्यार्थी संख्या | ५३७८५ | ५१९५४ | -३.४० |
| शिक्षक संख्या | ३०८० | २९५२ | -४.१६ |

*स्रोत : शिक्षा तथा समन्वय इकाई र विश्वविद्यालयहरु ।*

## ५.७ सेवा क्षेत्र कर्जा

बैंक तथा वित्तीय संस्थाहरूबाट यस प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा समीक्षा वर्षमा ०.२४ प्रतिशतले कमी आई रु.१ खर्ब ११ अर्ब ६३ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २.५४ प्रतिशतले कमी आएको थियो । समीक्षा वर्षमा गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जा प्रवाह मध्ये सेवा क्षेत्र कर्जा ३१.९८ प्रतिशत रहेको छ ।

यस आर्थिक वर्ष सेवा क्षेत्रमा प्रवाहित कुल कर्जा मध्ये, थोक तथा खुद्रा बिक्रेता शीर्षकमा रु.६२ अर्ब ८७ करोड (५६.३२ प्रतिशत), पर्यटन शीर्षकमा रु.२३ अर्ब ७६ करोड (२१.२८ प्रतिशत), वित्त, बीमा तथा अचल सम्पत्ति शीर्षकमा रु.१६ अर्ब ७७ करोड (१५.०२ प्रतिशत), यातायात, भण्डारण र संचार शीर्षकमा रु. ४ अर्ब ७५ करोड (४.२६ प्रतिशत), अन्य सेवा शीर्षकमा रु ३ अर्ब ४७ करोड (३.११ प्रतिशत) कर्जा वक्यौता रहेको छ । समीक्षा वर्षमा सेवा क्षेत्र कर्जामध्ये सबैभन्दा बढी पर्यटन क्षेत्रमा प्रवाहित कर्जामा ९.९० वृद्धि भएको छ भने यातायात, भण्डारण र संचार क्षेत्रमा प्रवाहित कर्जामा सबैभन्दा बढी १५.१६ प्रतिशतले कमी आएको छ ।

### तालिका ५.१२: क्षेत्रगत सेवा कर्जा

रकम रु. दश लाखमा

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | परिवर्तन प्रतिशत | क्षेत्रगत सेवा कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| यातायात, भण्डारण र संचार | ५६०८.६० | ४७५८.२२ | -१५.१६ | ४.२६ |
| थोक तथा खुद्रा विक्रेता | ६५२९२.९७ | ६२८७६.७२ | -३.७० | ५६.३२ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | १५८७४.०४ | १६७७३.६७ | ५.६७ | १५.०२ |
| पर्यटन | २१६२१.०८ | २३७६०.७७ | ९.९० | २१.२८ |
| अन्य सेवा | ३५०९.२३ | ३४७०.५० | -१.१० | ३.११ |
| **कुल सेवा कर्जा** | १११९०५.९१ | १११६३९.८९ | -०.२४ | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.८ सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित), बमोजिम समीक्षा वर्षमा गण्डकी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जामा ३५.२१ प्रतिशतले कमी भई कुल रु. १६ अर्ब ५९ करोड रहेको छ । गत वर्ष गण्डकी प्रदेशमा कुल रु. २५ अर्ब ६१ करोड यस्तो कर्जा प्रवाह भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जाको ४२.७ प्रतिशत कास्की जिल्लामा प्रवाह भएको छ भने सबै भन्दा कम मनाङ जिल्लामा ०.२ प्रतिशत प्रवाह भएको छ ।

### तालिका ५.१३ : सहुलियतपूर्ण कर्जा

रु. दश लाखमा

| जिल्ला | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | परिवर्तन प्रतिशत | जिल्लागत हिस्सा |
|---|---|---|---|---|
| गोरखा | १,०६९.९२ | ७३२.५५ | -३१.५३ | ४.४ |
| मनाङ | ४५.६२ | ३२.३३ | -२९.१३ | ०.२ |
| मुस्ताङ | २३४.६८ | १६४.६२ | -२९.८५ | १.० |
| म्याग्दी | ७७८.५३ | ४९८.५४ | -३५.९६ | ३.० |
| कास्की | १०,९३९.२३ | ७,०९२.०३ | -३५.१७ | ४२.७ |
| लमजुङ | १,२२०.६७ | ७९८.१३ | -३४.६२ | ४.८ |
| तनहुँ | ३,२९८.८८ | २,०७८.४१ | -३७.०० | १२.५ |
| नवलपरासी (पूर्व) | ४,३४८.०९ | २,९०१.३२ | -३३.२७ | १७.५ |
| स्याङ्जा | १,७५१.९९ | १,१०१.५६ | -३७.१३ | ६.६ |
| पर्वत | ७४५.३१ | ४५५.८८ | -३८.८३ | २.७ |
| बाग्लुङ | १,१८५.८७ | ७४४.३२ | -३७.२३ | ४.५ |
| **जम्मा** | **२५,६१८.७९** | **१६,५९९.६९** | **-३५.२१** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.९ सहकारी

अध्ययनमा समावेश सहकारी संस्थाहरूको पूँजी २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा ०.९१ प्रतिशतले ह्रास भई रु.३ अर्ब ९७ करोड ६२ लाख ७० हजार पुगेको छ । उक्त अवधिमा छानिएका १० सहकारी संस्थाहरूबाट यस प्रदेशमा सकंलन भएको निक्षेप १०.८५ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब २९ करोड २० लाख १० हजार कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत ०.१८ प्रतिशतले मात्र वृद्धि भएको थियो । उपरोक्त सहकारी संस्थाहरूबाट यस प्रदेशमा प्रवाहित कर्जा २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तसम्ममा २.२८ प्रतिशतले कमी आई रु.१४ अर्ब ६८ लाख ६० हजार पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जामा ६.५९ प्रतिशतले ह्रास आएको थियो । अध्ययनमा समावेश गरिएका सहकारीमा सदस्य संख्या २.४१ प्रतिशतले वृद्धि भई १ लाख ८९ हजार ९१२ पुगेका छन् भने कर्मचारी सङ्ख्यामा १.०९ प्रतिशतले कमी भई ४ सय ५४ रहेका छन् ।

**तालिका ५.१४ : सहकारी सेवा**

| विवरण | २०८० असार मसान्त | २०८१ असार मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कुल पूँजी (रु. दश लाखमा) | ४०१२.६८ | ३९७६.२७ | -०.९१ |
| कुल बचत (रु. दश लाखमा) | १३७९५.०४ | १५२९२.०१ | १०.८५ |
| कुल ऋण (रु. दश लाखमा) | १४३३३.९३ | १४००६.८६ | -२.२८ |
| सदस्य संख्या | १८५४४० | १८९९१२ | २.४१ |
| कर्मचारी संख्या | ४५९ | ४५४ | -१.०९ |

*स्रोत: अध्ययनमा समावेश गरिएका सहकारीहरू ।*

## ५.१० सेवा क्षेत्रका चुनौती तथा सम्भावना

### ५.१०.१ चुनौतीहरू

- आर्थिक क्षेत्रमा देखिएको मन्दी, कित्ताकाटको समस्या, युवाहरुको विदेश पलायन, घरजग्गाको मुल्यमा भएको अधिक वृद्धि तथा वास्तविक कारोवार मूल्यभन्दा कम मूल्याङ्कन देखाई घरजग्गा कारोबार हुनु जस्ता कारणले राजश्व संकलनमा कमी ।
- गण्डकी प्रदेशमा पर्यटकहरुको सुरक्षा व्यवस्था, सुचना प्रविधि लगायत मौसम पूर्वानुमान जस्ता अत्यावश्यकीय सुविधाको अभावमा आकस्मिक मौसम प्रतिकुलता र वन्यजन्तुबाट आक्रमण लगायतका जोखिम न्यूनीकरण गर्न चुनौतीपूर्ण छ । साथै, पोखरा बाहेकका अन्य पर्यटकीय स्थानहरूमा पर्यटकीय पूर्वाधारहरुका साथै, सुचनाहरु पर्याप्त एवम् भरपर्दो नहुनु ।
- यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने निकाय एवम् संयन्त्रको अभावका कारण वित्तीय स्थायित्वमा परेको असरलाई न्यूनीकरण गर्नु ।
- पोखरा अन्तर्रराष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा संचालन गर्नु ।
- कक्षा १२ पछिको उच्च शिक्षा हासिल गर्न युवाहरु विदेश जाने प्रवृत्ति हावी हुँदा शैक्षिक क्षेत्रमा विद्यार्थीहरुको संख्या घट्दै जानु ।

### ५.१०.२ सम्भावनाहरू

- नेपाल सरकारको आ.व. २०८१/८२ को बजेटले सोह्र लाख पर्यटक भित्र्याउने लक्ष्य सहित सातै प्रदेश समेटिने गरी टाकुरा पर्यटकीय गन्तव्य, इकोहिल स्टेशन, धार्मिक स्थलको दर्शन गर्न यातायात सेवाको सञ्चालन, प्रयोगविहीन विमानस्थललाई साहसिक पर्यटकीय खेलमा प्रयोग, जनकपुरलाई वेडिङ हव, लुम्बिनीलाई बर्थिङ हव लगायतका कार्यक्रमहरु समेटेकोले सोको कार्यान्वयनबाट गण्डकी प्रदेशमा पर्यटनको प्रचुर सम्भावना देखिन्छ ।
- नेपाल सरकारले कास्की जिल्लाको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको तथा गण्डकी प्रदेश आफैमा उत्कृष्ट पर्यटकीय गन्तव्य भएकाले सुविधासम्पन्न होटल तथा लजहरु लगायत पर्यटकीय पूर्वाधारहरुको निर्माण गर्न सकेमा पर्यटनबाट रोजगारी, आय बढाउन सकिने सम्भावना देखिन्छ ।
- पोखरा अन्तरर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा संचालनमा ल्याउन सकेमा यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्न सक्ने सम्भावना रहेको छ ।

- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकाले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकाले भारतीय र चिनिया पर्यटकहरूको आगमनमा उल्लेख्य वृद्धि हुने सम्भावना रहेनुका साथै नेपाली कृषि तथा औद्योगिक उत्पादनलाई समेत सहजै निर्यात गर्न सकिने देखिन्छ ।

- यस प्रदेशको सबै स्थानीय तहहरूमा वाणिज्य बैंकका शाखा स्थापना भइसकेको साथै बैंक वित्तीय संस्थाहरुले वित्तीय साक्षरताको कार्यक्रमलाई प्रभावकारी बनाउदै लगेकाले सम्पूर्ण जनताहरुमा वित्तीय पहुँच थप विस्तार हुदै जाने देखिन्छ ।

- यस प्रदेशलाई रहेको गण्डकी विश्वविद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन/अध्यापन गराउने विश्वविद्यालयको रुपमा विकास गर्न सके तथा मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल कलेजमा बाह्य मुलुकहरूबाट समेत विद्यार्थी आकर्षित गर्न सकेमा यस प्रदेशमा शैक्षिक क्षेत्रको विकास गर्न सक्ने सम्भावना देखिन्छ ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण, पूर्वाधार क्षेत्रमा भएका समस्या, चुनौती तथा सम्भावनाहरू समावेश गरिएको छ । साथै, गण्डकी प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको अवस्था तथा रोजगारीका समस्या र चुनौतीहरुको विश्लेषण समावेश गरिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ राष्ट्रिय गौरवका आयोजनाहरू

(क) **कालीगण्डकी करिडोर** : कुल ४९५ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड २९३ कि.मी. र जोमसोम-कोरला खण्ड २०२ कि.मी. गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ । यस करीडोरको समीक्षा बर्षसम्म बेनी जोमसोम खण्डको भौतिक प्रगति करिब ८४ प्रतिशत र वित्तीय प्रगति करिब ८१ प्रतिशत रहेको छ । त्यसैगरी, मालढुङ्गा-गैंडाकोट खण्डमा करिब ६५.०७ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने वित्तीय प्रगति ४६.६६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८३/८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको अनुमानित लागत रु.३६ अर्ब १३ करोड रहेको छ । हाल पुल, नाली तथा कल्भर्ट निर्माण गर्ने, सडक चौडा तथा पिच गर्ने कार्य भइरहेको छ । हाल यस आयोजनामा सडक कालोपत्रे, पुल निर्माण, टेवा पर्खाल निर्माण तथा ग्राभलको कार्य भइरहेको छ । आयोजनामा बजेटको अभावले निर्माण व्यवसायीको बिल भुक्तानी गर्न नसकिएकाले निर्माण कार्यमा ढिलाई, सम्मानित अदालत तथा स्थानीय सरकारबाट पटक पटक नदीजन्य निर्माण सामाग्री संकलन कार्यमा रोक, भौगोलिक विकटता, प्रतिकुल मौसम, मुआब्जा वितरण कार्यमा समस्या, स्थानीय सामग्रीको प्रयोगमा अवरोध तथा सरोकारवाला निकायहरूसँगको समन्वयमा कमी जस्ता समस्याहरू देखिएका छन् । आयोजनाबाट २०८१ असार मसान्तमा ५ हजार ३८५ जनाले रोजगारी प्राप्त गरेका छन् ।

(ख) **बुढीगण्डकी जलविद्युत आयोजना** : गोरखा जिल्लामा १२०० मेगावाट क्षमताको जलाशययुक्त यस जलविद्युत आयोजनाको शुरु आर्थिक वर्ष २०६९/७० बाट भएको भएतापनि हालसम्म करिब १० प्रतिशतमात्र भौतिक प्रगति भएको छ भने करिव १६.५५ प्रतिशत वित्तिय प्रगति भएको पाइन्छ । हालसम्म भएको कार्यहरुका हकमा बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको केन्द्रिय तथा फिल्ड कार्यालयको स्थापना भएको, विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त पेश गरिएको, विस्तृत इन्जिनियरिङ्ग अध्ययन प्रतिवेदन तयार गरिएको र मुआब्जा वितरणको कार्य भईरहेको छ । यस आयोजनामा लगानी ढाँचा स्वीकृत हुन नसकी वित्तीय व्यवस्थापन हुन नसकेको, जग्गाको फिल्ड बुक कायम रहेको तथा लालपुर्जा नरहेको जग्गाहरुको मुआब्जा वितरण सम्बन्धमा स्पष्ट कानुनी व्यवस्थाको अभाव, जग्गा लिजमा लिई संरचनाहरु निर्माण गरेकाहरुको र सरकारी जग्गामा घरगोठ बनाई बसेकाहरुको मुआब्जा/क्षतिपुर्ति वितरणमा कठिनाई जस्ता समस्याहरु रहेका छन । यस आयोजनामा २४ जना कर्मचारीहरुले रोजगारी प्राप्त गरेका छन् ।

(ग) **तनहुँ जलविद्युत आयोजना** : तनहुँ जिल्लामा नेपाल विद्युत प्राधिकरणले कुल ५० करोड ५० लाख अमेरिकी डलर लागतमा निर्माण गरेको १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्मको भौतिक प्रगति ५८.१ प्रतिशत र वित्तीय प्रगति ५२.०७ प्रतिशत रहेको छ । हाल यस आयोजनामा ड्याम क्षेत्रमा Slope Excavation, Coffer Dam, Diversion Tunnel निर्माण भै मुख्य ड्यामको Foundation Excavation कार्य भैरहेको छ । त्यस्तै, Headrace Tunnel, Powerhouse Concreting को कार्य सम्पन्न भैसकेको छ भने २२० केभिको प्रशारण लाइनसम्बन्धी कार्य भैरहेको छ । यस आयोजनाले रुख कटान कार्य र विष्फोटक पदार्थको आपुर्ति जस्ता समस्या भोगिरहेको छ । हाल यस आयोजनामा कुल ११५२ जनाले रोजगारी प्राप्त गरेका छन् ।

(घ) **मध्य पहाडी लोकमार्ग** : यस आयोजना अर्न्तगत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने १०८ कि.मि. सडक निर्माणको ७५ प्रतिशत कार्य सम्पन्न भएको छ । हाल यस आयोजनामा Structural works, Gravel, Base, Blacktop Works and Bio Engineering Works इत्यादि कार्य भइरहेको छ । लोकमार्गको निर्माण कार्य आर्थिक वर्ष २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएतानि मुआब्जा वितरण विवादले जग्गा प्राप्तिको समस्या, रुख कटानी, निर्माण सामाग्रीको अभाव इत्यादिले गर्दा निर्माण सम्पन्न हुने समयावधि २०८३ असार मसान्तसम्म पुग्ने देखिएको छ । आयोजनाको यस खण्डको वित्तिय प्रगति ७० प्रतिशत रहेको छ भने हाल यस आयोजनामा ७०० जनाले रोजगारी प्राप्त गरेका छन् ।

लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २५० कि.मि.मध्ये ७७ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । हाल कास्की जिल्लाको भैसे देखि याम्दी पुलसम्म ३९ कि.मि. र बाग्लुङ जिल्लामा २६ कि.मि. सडक निर्माण भैरहेको तथा कास्की, पर्वत र बाग्लुङ जिल्लामा गरेर ७ वटा ४२५ मिटर पुल निर्माण भैरहको छ । यस खण्डमा जग्गा प्राप्ति, विद्युतीय तथा खानेपानीका संरचना स्थानान्तरण, स्थानीय विवाद, भौगोलिक जटिलता र अनाधिकृत रुपमा शाखा सडक खोलिनु जस्ता विविध समस्याहरु देखिएकाले आयोजना सम्पन्न हुने समयावधि पनि २०८३ सम्म पुग्ने देखिएको छ । उक्त आयोजनाको हालसम्मको वित्तीय प्रगति ७६ प्रतिशत रहेको छ भने हाल यस आयोजनामा कुल ५५० जनाले रोजगारी प्राप्त गरेका छन् ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौतीहरू

- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूबीच आपसी समन्वयको अभाव हुनु ।
- जलविद्युत तथा सडक निर्माण लगायतका आयोजनाहरुमा घर/जग्गाको मुआब्जा वितरणमा समस्या, दक्ष कामदारको अभाव, रुख कटान कार्यमा समस्या, स्थानीयको विवाद, राजनैतिक अस्थिरता, भौगोलिक विकटता इत्यादि कारणले निर्धारित लागत र समयमै निर्माण कार्य सम्पन्न गर्न नसक्नु ।

- सार्वजनिक क्षेत्रबाट पूर्वाधार क्षेत्रमा भएको लगानीको गुणस्तर प्रवर्द्धन गर्न, दिगोपना बढाउन, सामाजिक सहयोग परिचालन गर्न र संस्थागत सुशासन कायम गर्नका लागि नीति प्रभावकारिताको अभाव हुनु ।

- नेपाल जस्तो अल्पविकसित राष्ट्रमा पूर्वाधारको माग अत्याधिक भएकाले सार्वजनिक क्षेत्रको लगानीले मात्र त्यो माग पूरा गर्न नसक्ने तथा गैरसरकारी क्षेत्रलाई लगानीका लागि आकर्षित गर्न नसक्नु । (पहाडी भु-धरातल र प्राविधिक जटिलताले गर्दा लागत संरचना तुलनात्मक रुपमा अधिक देखिने हुदा गैरसरकारी क्षेत्रलाई यस तर्फ आकर्षित गर्न सकिएको छैन ।)

### ६.२.२ सम्भावनाहरू

- गण्डकी प्रदेश अन्तर्गत संचालन भएका र हुनसक्ने आयोजनाहरूको विस्तृत अध्ययन गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोगलाई परियोजना बैंकको रुपमा स्थापना गरी पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित तथा प्राथमिकीकरण गर्न सकिने देखिन्छ ।

- नेपाल सरकारको आ.व. २०८१/८२ को बजेटमा आगामी वर्ष ९०० मेगावाट विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोड्ने लक्ष्य सहित बजेटमा राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइनको निर्माण, भारत तथा बंगलादेशमा विद्युत निर्यात गर्ने लगायतका कार्यक्रमहरु समावेश गरिएकाले यस प्रदेशले पनि जलविद्युत क्षेत्रबाट राम्रो आम्दानी गर्न सक्ने सम्भावना देखिन्छ ।

- गण्डकी प्रदेशमा निर्माणाधीन कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग जस्ता राष्ट्रिय गौरवका सडकहरुको निर्माण कार्य सम्पन्न गर्न सकेमा यस प्रदेशको आर्थिक, व्यापारिक एवम् सामाजिक विकासमा महत्वपूर्ण हुने देखिन्छ ।

- गण्डकी प्रदेशमा हाल १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना र १४० मेगावाटको तनहुँ जलविद्युत आयोजना सहित ४१०० भन्दा बढी मेगावाटका आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने अन्य थुप्रै आयोजनाहरू  निर्माण गर्न सकिने सम्भावना देखिएको छ ।

- गण्डकी प्रदेशबाट तिब्बततर्फको नाका जोड्ने वैकल्पिक मार्गको रुपमा गोरखा बजारदेखि लार्के भञ्ज्याङ हुँदै तिब्बत जोड्ने सडकमार्ग निर्माण गर्न सकिने देखिन्छ ।

- मुस्ताङ जिल्लामा सौर्य तथा वायु उर्जाको प्रचुर सम्भावना भएकाले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु उर्जा उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

## ६.३ रोजगारी

गण्डकी प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८०/८१ को फागुनसम्म यस प्रदेशमा कुल १८,३८२ कम्पनी दर्ता कायम रहेका छन् । तीमध्ये ८६३ कम्पनी यही आर्थिक वर्षको फागुनसम्म दर्ता भएका हुन् । यी उद्योगमा रु ५ खर्ब ९७ अर्ब २५ करोड लगानी स्वीकृत भई उद्योगको सञ्चालनबाट ४० हजार ९३ रोजगारी सिर्जना हुने अनुमान रहेको छ ।

यस प्रदेशमा रहेका सबै स्थानीय तहहरुले आर्थिक वर्ष २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । सो अन्तर्गत सञ्चालित १ हजार १८ आयोजना मार्फत कुल ७ सय २१ व्यक्तिले औसतमा ५५.२४ दिन रोजगारी पाएका छन् । यस कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशमा कुल ३९ हजार ८ सय ३१ दिन रोजगारी पाएका छन् ।

### तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण

| विवरण | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ फागुनसम्म |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ८० | ८२ | ८५ |
| आयोजना संख्या | १७१४ | १५८४ | १०१८ |
| रोजगारीमा संलग्न व्यक्तिको विवरण | ११११९३ | ७४२८ | ७२१ |
| रोजगार औसत दिन | ७३ | ७६ | ५५.२४ |
| जम्मा रोजगार दिन | ८१५६५१ | ५६५५७५ | ३९८३१ |

*स्रोत: गण्डकी प्रदेश, आर्थिक सर्वेक्षण २०८०/८१*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

### ६.४.१ चुनौतीहरू

- समान प्रकृतिको कामको लागि स्वदेशको तुलनामा विदेशमा बढी पारिश्रमिक प्राप्त हुने भएकाले युवा वर्गलाई स्वदेशी श्रम बजारमा आकर्षित गर्नु ।
- न्यून ज्यालादर, न्यून सेवा सुविधा र लैङ्गिकताका आधारमा ज्यालादरमा असमानता कायम हुनु, ग्रामीण भेगमा सक्रिय जनशक्तिको अभाव रहनु तथा रोजगारसँग सम्बन्धित सुचनाको पहुँचमा कमी रहनु जस्ता कारणले श्रम बजारलाई व्यवस्थित तुल्याउन चुनौतीपूर्ण रहनु ।
- स्थानीयस्तरमा श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु तथा कृषि, पशुपालन जस्ता पेशा/व्यवसायमा बजारीकरणको अभाव हुनु ।
- वैदेशिक रोजगारमा जाने नेपालीहरुका लागि बजारको आवश्यकता अनुसारको सीप तथा दक्षताको विकास गर्नु ।

### ६.४.२ सम्भावनाहरू

- नेपाल सरकारको आ.व. २०८१/८२ बजेटमा कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण गर्नका लागि विशेष कार्यक्रम तथा सहुलियतहरु दिने, प्रधानमन्त्री रोजगार कार्यक्रम, विदेशबाट फर्केका नागरिकको लागि रिटर्नी उद्यमशीलता कार्यक्रम, श्रमाधान कार्यक्रम सञ्चालन इत्यादि विषयहरु समावेश गरिएकाले यस प्रदेशमा पनि रोजगारीको अवसरहरु सृजना हुने देखिन्छ ।
- नेपाल सरकारले गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको सन्दर्भमा यस प्रदेशमा पर्यटकीय पुर्वाधारहरुको विकास र विस्तार गर्न सके पर्यटन क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिने देखिन्छ ।
- जलविद्युत उत्पादनको प्रचुर सम्भावना भएकाले यस प्रदेशमा जलविद्युत क्षेत्रमा रोजगारीको संभावना रहको छ । साथै, राष्ट्रिय तथा प्रदेश गौरवका विभिन्न आयोजनाहरुको सञ्चालन भइरहेकाले यस प्रदेशमा रोजगारीको राम्रो सम्भावना रहेको छ ।
- प्रदेश सरकारले उचित सीप र तालिमको विकास गर्न सके दक्ष कामदारको रुपमा जनशक्तिलाई वैदेशिक रोजगारमा पठाउन सकिने देखिन्छ ।

**बक्स ६ (क): गण्डकी प्रदेशका प्रमुख गौरव तथा रुपान्तरणकारी आयोजनाहरू**

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | उज्यालो गण्डकी प्रदेश कार्यक्रम (लघु जलविद्युत निर्माण तथा मर्मत कार्य ) | ८६ | ८३ |
| २ | उज्यालो गण्डकी प्रदेश कार्यक्रम (राष्ट्रिय प्रसारण लाईन विस्तार कार्य ) | ८९.४९ | ५९.५९ |
| ३ | एक घर एक धारा खानेपानी | ६०.६६ | ४५.५१ |
| ४ | प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना ( नवलपरासी पूर्व र कास्कीको पोखरा महानगरपालिकामा)। | DPR सम्पन्न भएको, वातावरणीय अध्ययन अन्तिम चरणमा रहेको। | |
| ५ | मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम | ९० | ८०.०६ |
| ६ | फेवाताल संरक्षण र सौन्दर्यकरण आयोजना। | ९० | ८९.०६ |
| ७ | जग्गा चक्लाबन्दी सहयोग कार्यक्रम | ७३.२६ | ७०.२६ |
| ८ | एक निर्वाचन क्षेत्र एक सडक आयोजना | ८५.१४ | ७९.९ |
| ९ | पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र | ७० | ६२.४९ |
| १० | स्थानीय तहका केन्द्र जोड्ने कार्यक्रम | ७५.३२ | ७१.१९ |
| ११ | स्याउ विशेष आयोजना (मुस्ताङ जिल्लामा) | ७८ | ६९.९३ |

*स्रोतः आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश।*

**बक्स ६ (ख): गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू**

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कालिगण्डकी कोरिडोर बेनी - जोमसोम | ८४ | ८१ |
| २ | कालिगण्डकी कोरिडोर मालढुंङ्गा - गैडाकोट | ६५.०७ | ४६.६६ |
| ३ | बुढिगण्डकी जलविद्युत आयोजना | १० | १६.५५ |
| ५ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग कास्की - बाग्लुङ्ग | ७७ | ७६ |
| ६ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग गोरखा खण्ड | ७५ | ७०.० |
| ७ | तनहुँ हाईड्रोपावर लिमिटेड | ५८.१ | ५२.०७ |

*स्रोतः नीति तथा योजना आयोग, गण्डकी प्रदेश।*

# परिच्छेद ७

# संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको संक्षिप्त विश्लेषण गरिएको छ। यस अन्तर्गत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, वित्तीय हस्तान्तरण र स्रोत परिचालनको स्थितिको विश्लेषण गरिएको छ।

## ७.१ गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम

### ७.१.१ आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारको बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८०/८१ का लागि गण्डकी प्रदेश सरकारले कुल रु.३३ अर्ब ४२ करोड बजेट विनियोजन गरेकोमा गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयका अनुसार बि.सं. २०८१ असार मसान्तसम्म विनियोजनको ६६.५८ प्रतिशत अर्थात रु. २२ अर्ब २५ करोड ४७ लाख खर्च भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विनियोजित बजेटको ६५.७६ प्रतिशत खर्च भएको थियो।

**तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति**


*(रकम रु. करोड)*

| शीर्षक | विनियोजित रकम | | असार मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
| **बजेट** | **३५९०.९** | **३३४२.७२** | **२३६१.४९** | **२२२५.४७** | **६५.७६** | **६६.५८** |
| चालु खर्च | १३२६.८८ | १२७३.६७ | ८३५.३५ | ७६२.३४ | ६२.९६ | ५९.८५ |
| पुँजीगत खर्च | २२१४.०२ | २०१९.०५ | १५२६.१४ | १४६३.१३ | ६८.९३ | ७२.४७ |
| वित्तीय व्यवस्था | ५० | ५० | ० | ० | ०.०० | ०.०० |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश।*

आर्थिक वर्ष २०८०/८१ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१२ अर्ब ७३ करोडमध्ये ५९.८५ प्रतिशत (रु.७ अर्ब ६२ करोड ३४ लाख) खर्च भएको छ। अघिल्लो आर्थिक वर्ष चालु खर्च शिर्षकमा विनियोजित रकमको ६२.९६ प्रतिशत खर्च भएको थियो। त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु.२० अर्ब १९ करोड ५ लाखमध्ये २०८० असार मसान्तसम्म ७२.४७ प्रतिशत (रु.१४ अर्ब ६३ करोड १३ लाख) खर्च भएको छ। अघिल्लो आर्थिक वर्ष पुँजीगत खर्च शिर्षकमा विनियोजनको ६८.९३ प्रतिशत खर्च भएको थियो।

चार्ट : ७.१ गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति (रु. करोडमा)




*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश*

तालिका ७.२: गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति

*(रकम रु. करोड)*

| शीर्षक | विनियोजित रकम | | असार मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
| राजस्व | १७३६.५८ | १७६२.३२ | १०८४ | ११४५ | ६२.४२ | ६४.९७ |
| संघीय सरकारबाट प्राप्त अनुदान | १६५४.३२ | १४१०.४० | १६६५.१ | १२१३.०५ | १००.६५ | ८६.०१ |
| समानीकरण अनुदान | ७९२.७९ | ७६२.२५ | ७९२.७९ | ५६४.९ | १००.०० | ७४.११ |
| सशर्त अनुदान | ६९१.८३ | ४९४.१५ | ७०२.६१ | ४९४.१५ | १०१.५६ | १००.०० |
| विशेष अनुदान | ८६.०० | ७० | ८६ | ७० | १००.०० | १००.०० |
| समपूरक अनुदान | ८३.७० | ८४ | ८३.७ | ८४ | १००.०० | १००.०० |
| आन्तरिक ऋण | २००.०० | १७० | ० | ० | ०.०० | ०.०० |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म ११ अर्ब ४५ करोड राजश्व संकलन गरको छ । आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब १० करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा ८६.०१ प्रतिशत अर्थात कुल रु.१२ अर्ब १३ करोड ५ लाख अनुदान प्राप्त गरेको छ ।

### ७.१.२ आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित बजेट

| बक्स ७ (क) : आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेश सरकारको बजेटका प्राथमिकता |
|---|
| (क) दिगो र उत्थानशील पूर्वाधार निर्माण, |
| (ख) आय उत्पादन र रोजगारीमा वृद्धि, |
| (ग) सामाजिक विकास र समतामूलक समाजको स्थापना, |
| (घ) सर्वसुलभ स्वास्थ्य र गुणस्तरीय शिक्षा, |
| (ङ) सन्तुलित क्षेत्रगत विकास, र |
| (च) सुशासन प्रवर्द्धन, गुणस्तरीय सेवा प्रवाह र तहगत सम्बन्ध |

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटका मुख्यतया ५ उद्देश्यहरू रहेका छन् : (क) गुणस्तरीय पूर्वाधार तथा उत्पादनमा अभिवृद्धि गर्नु, (ख) रोजगारी तथा आयमा वृद्धि गर्नु, (ग)मानव पुँजी निर्माण, विकास लाभको समन्यायिक वितरण स्थापित गर्नु, (घ) सामाजिक न्याय र समुन्नती हासिल गर्नु, (ङ) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह मार्फत् सुशासन अभिवृद्धि गर्नु  रहेका छन् ।

बजेटका उपरोक्त उद्देश्य हासिल गर्न प्रदेश सरकारले रु.३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार अनुमानित बजेट पेश गरेको छ । यो रकम गत वर्षको विनियोजन भन्दा १.३४ प्रतिशतले कम रहेको छ । यसमध्ये चालुतर्फ कुल विनियोजनको ३९.९१ प्रतिशत (रु.१३ अर्ब १६ करोड ५ लाख ८२ हजार), पुँजीगत तर्फ ५९.१९ प्रतिशत (रु.१९ अर्ब ५१ करोड ७९ लाख ९३ हजार) र वित्तिय व्यवस्था तर्फ ०.९० प्रतिशत (रु.३० करोड) रहेको छ ।

गण्डकी प्रदेश सरकारले आ.व. २०८१/८२ को विनियोजित बजेटको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारको राजस्व बाँडफाँटबाट रु ९ अर्ब ६१ करोड १२ लाख, रोयल्टी बाँडफाँडबाट रु ४८ करोड १० लाख र प्रदेशको राजस्व परिचालनबाट आन्तरिक राजस्व रु ५ अर्ब १७ करोड गरी १५ अर्ब २६ करोड २२ लाख प्राप्त हुने अनुमान गरेको छ जुन गत आर्थिक वर्षको तुलनामा ४.३७ प्रतिशतले बढी हो । साथै, चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात रु २ अर्ब ९३ करोड २७ लाख ७५ हजार नगद मौज्दात बचत हुने अनुमान गरिएको छ भने न्यून हुने रु १ अर्ब ७० करोड आन्तरिक ऋणबाट पूर्ति गरिने अनुमान गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेश सरकारले संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानबाट रु ७ अर्ब ६३ करोड ८८ लाख, सशर्त अनुदानबाट रु ३ अर्ब ५९ करोड ९३ लाख, विशेष अनुदानबाट रु ६५ करोड ५५ लाख र समपूरक अनुदानबाट रु १ अर्ब १९ करोड गरी कुल रु.१३ अर्ब ८ करोड ३६ लाख अनुदान प्राप्त गर्ने अनुमान गरिएको छ ।

## ७.२ स्थानीय तहको बजेट तथा कार्यक्रम

गण्डकी प्रदेशमा ५८ गाउँपालिका, २६ नगरपालिका र १ महानगरपालिका गरी जम्मा ८५ स्थानीय तहहरू रहेका छन । आ.व. २०८०/८१ मा गण्डकी प्रदेशका पाँच स्थानीय तहहरू (पोखरा महानगरपालिका, व्यास नगरपालिका, नगरपालिका, वालिङ नगरपालिका, कुश्मा नगरपालिकाले चालु, पुँजीगत, वित्तीय व्यवस्था तथा अन्य खर्च गरी कुल रु.११ अर्ब ४७ करोड बजेट विनियोजन गरेकोमा ७९.३ प्रतिशत मात्र खर्च गरेका छन् । जसमध्ये चालु खर्च विनियोजनको ८७.९ प्रतिशत र पूँजीगत खर्च ६९.२ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ९७.९ रहेको छ । प्रदेशको एक मात्र महानगरपालिका पोखरा महानगरपालिकाले आ.व. २०८०/८१ मा रु. ७ अर्ब १५ करोड १५ लाख १७ हजार बजेट विनियोजन गरेको थियो जुन गत बर्षको तुलनामा २०.४५ प्रतिशतले कमी हो ।

## ७.३ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम

गण्डकी प्रदेश सरकारले प्रदेशको महत्वपूर्ण कार्यक्रमको रुपमा “व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम” सञ्चालनमा ल्याएको छ । कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ जारी गरी उक्त कार्यक्रम ल्याइएको हो । नेपाल राष्ट्र बैंक, पोखरा

कार्यालय मार्फत् सञ्चालनमा ल्याइएको उक्त कर्जा कार्यक्रममा १६ वाणिज्य बैंक र ४ विकास बैंकहरू संलग्न रहेका छन् ।

कोभिडका कारण समस्यामा परेका उद्यम/व्यवसाय जोगाउन, टिकाउन निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले नेपाल राष्ट्र बैंक पोखरा कार्यालयसँग सम्झौता भएका बैंक तथा वित्तीय संस्थाहरूले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका व्यवसायलाई रु.५० हजार देखि रु.१५ लाखसम्म कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त कर्जामा बैंकहरूले अघिल्लो त्रयमासमा प्रकाशित आधार दरमा अधिकतम ३ प्रतिशतमात्र थप गरी व्याजदर कायम गर्नुपर्ने प्रावधान रहेको छ । साथै, गण्डकी प्रदेश सरकारले त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंक मार्फत् कर्जाको व्याज शोधभर्ना उपलब्ध गराउने र ऋणीहरूले कर्जाको साँवामात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।

**तलिका ७.३ : व्यावसायिक जीवन रक्षा कर्जाको विवरण**

रकम रु दश लाखमा

| क्र.सं. | कर्जाको शिर्षक | जम्मा लगानी | जम्मा वक्यौता | प्रतिशत (बक्यौता रकमका आधारमा) |
|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | ६५५.१८ | ७०.८३ | ३९.३९ |
| २ | साना पर्यटन व्यवसाय कर्जा | ८१२.६३ | ७६.४५ | ४२.५१ |
| ३ | साना यातायात व्यवसाय कर्जा | ९५.०३ | १०.७२ | ५.९६ |
| ४ | साना सेवा व्यवसाय कर्जा | २५०.१३ | २१.८२ | १२.१४ |
| **जम्मा** | | **१८१२.९७** | **१७९.८२** | **१००** |

*स्रोतः नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ।*

उक्त कार्यविधि अन्तर्गत रु.१ अर्ब ८१ करोड २९ लाख कर्जा प्रवाह भएकोमा २०८१ असार मसान्तमा रु.१७ करोड ९८ लाख कर्जा बक्यौता रहेको छ ।

# परिच्छेद ८

# आर्थिक परिदृश्य

यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरूसँग गरिएको प्रश्नावली, सर्वेक्षण, छलफल तथा अन्तरक्रियाका आधारमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको आगामी वर्षका लागि परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि उत्पादन

चालु आर्थिक वर्षमा मौसम अनुकुल हुने र कृषकहरूले मल बिउ समयमा प्राप्त गर्ने अनुमानको आधारमा खाद्यान्य कृषि, फलफुल तथा तरकारी उत्पादन थप सकारात्मक हुने देखिएको छ ।

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूले बजेट मार्फत् पशुपालन व्यवसायको प्रवर्द्धनमा विशेष जोड दिइएतापनि गाईवस्तुमा देखापरेको लम्की स्किन रोग, पशुआहारमा भएको मुल्यवृद्धि, दुधको अस्थिर बजार इत्यादि कारणले दुध उत्पादन ११-१६ प्रतिशतसम्म घट्ने अनुमान गरिएको छ ।

- पशुपालन क्षेत्रको विकासका लागि पकेट क्षेत्र बनाई पशुपालन गरिएतापनि अफ्रिकन स्वाइन फ्लुको प्रभावले बंगुरपालन व्यवसाय धरासायी भएको तथा कुखुराको चल्ला र दानामा अत्याधिक मुल्यवृद्धिले कुखुरापालन व्यवसाय घट्दै गइरहेको सन्दर्भमा समग्र मासु उत्पादनमा ५-७ प्रतिशतसम्म घट्ने अनुमान गरिएको छ । व्यवसायिक रुपमा माछापालन व्यवसाय बढ्दै गइराखेकोले माछा उत्पादनमा २६ प्रतिशतसम्म बढ्ने अनुमान गरिएको छ । साथै, लेयर्स कुखुरापालनमा कमी आएसँगै अण्डा उत्पादनमा पनि १०-२५ प्रतिशतले कमी आउने देखिन्छ ।

- गण्डकी प्रदेशमा धान उत्पादनमा प्रतिकुल मौसमका कारण पुर्ण रुपमा समयमै रोपाई हुन नसकी १० प्रतिशतसम्म कमी हुने अनुमान गरिएको छ भने गहुँको उत्पादनमा ५-१० प्रतिशतले ह्रास आउने तथा बाँदर आतंक तथा अमेरिकन फौजी किराको प्रकोपको कारणले मकै खेतीमा १५ प्रतिशतसम्म घट्ने अनुमान गरिएको छ ।

- फलफुल खेती प्रवर्द्धन कार्यक्रमको विस्तार तथा पकेट क्षेत्र विस्तार गरी फलफुल खेती गरिएकोले फलफुल उत्पादनमा २३ प्रतिशतसम्मले वृद्धि हुने अनुमान गरिएको छ । साथै, तरकारी ब्लक/जोन कार्यक्रम लागु, टनेल तथा खुल्ला खेतीमा वृद्धि, वेमौसमी तरकारी खेती विस्तार, आधुनिक प्रविधिको प्रयोग एवम् बजारको सुनिश्चितताको कारणले तरकारी उत्पादनमा ५-१५ प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको छ ।

- जिल्ला वन कार्यालयहरूबाट प्राप्त तथ्याङ्क अनुसार आगामी आर्थिक वर्षमा काठजन्य उत्पादनको माग बढ्दै गएको, निजी नम्बरी आवादीबाट रुखहरु कटान भई स्थानान्तरण इजाजत दिइएको, वन नियमावली २०७९ को नयाँ संशोधनमा निजी वनबाट साल कटान गर्न सक्ने व्यवस्था रहेकाले सोको कार्यान्यवन पश्चात काठ र दाउरा उत्पादनमा ५० प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको छ । साथै, राष्ट्रिय वन क्षेत्रबाट जडीवुटी सङ्कलन हुनसक्ने देखिएकाले जडीवुटी सङ्कलनमा ४६ प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.२ औद्योगिक उत्पादन

समीक्षा अवधिमा गण्डकी प्रदेशका उद्योगहरूको क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा घटेको भए तापनि आर्थिक वर्ष २०८१/८२ मा उत्पादनको परिदृश्य सकारात्मक देखिएको छ ।

- यस प्रदेशमा बैक व्याजदरमा आएको कमीले व्यक्तिगत घर निर्माणमा वृद्धि भएतापनि सरकारको पुँजीगत खर्च प्रभावकारीरुपले नभएको, सिमेण्ट उद्योगहरुमा स्थानीयहरुको अवरोध, आवश्यक विद्युत आपुर्तिमा समस्या इत्यादि कारणहरुले गर्दा सिमेण्ट उत्पादन यथास्थिति नै रहने अनुमान रहेको छ ।
- यस प्रदेशमा औषधीको माग बढ्दै गएकोले आगामी अवधिमा औषधीको उत्पादन ५ देखि १० प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ ।
- गण्डकी प्रदेशमा उत्पादन हुने बिस्कुटमा कच्चा पदार्थको मुल्यमा वृद्धि भएसँगै अन्तर्राष्ट्रिय बिस्कुटहरुसँग प्रतिस्पर्धा गर्न नसकिएको, कमजोर अर्थव्यवस्था तथा युवाहरुको विदेश पलायन इत्यादि कारणले गर्दा बिस्कुटको उत्पादन यथास्थिति नै रहने अनुमान गरिएको छ । साथै, यस प्रदेशमा चाउचाउको गुणस्तरमा सुधार गर्दै प्रभावकारी बजार प्रवर्द्धनमार्फत् उत्पादनमा करिब १५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
- आर्थिक मन्दी, बढ्दो प्रतिस्पर्धा तथा युवाहरुको विदेश पलायनले गर्दा पेय पदार्थ (वियर) को मागमा कमी आई पेय पदार्थको उत्पादनमा १२ प्रतिशतले ह्रास हुने अनुमान गरिएको छ ।

## ८.३ सेवा क्षेत्र

आगामी आर्थिक वर्षमा गण्डकी प्रदेशमा सेवा क्षेत्रको विस्तार सन्तोषजनक हुने प्रक्षेपण रहेको छ ।

- यस प्रदेशमा होटल र अन्य पर्यटन क्षेत्रमा कोभिड पुर्वको अवस्था देखिएको, आन्तरिक र बाह्य पर्यटक बढ्दै गएको, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको, पर्यटकीय पुर्वाधारहरु समेतको निर्माण बढ्दै गइरहेको तथा नेपाल सरकारले पोखरालाई पर्यटकीय राजधानी घोषणा समेत गरेकाले समेत आगामी दिनमा पर्यटकको आगमनमा उत्साहप्रद वृद्धि हुने देखिएको छ ।
- पर्यटन व्यवसाय फस्टाउन थालेकाले विदेशी पर्यटकबाट विदेशी मुद्रा प्राप्ति बढ्ने देखिएको छ ।
- नेपाल सरकारले जग्गाको कित्ताकाट खुलाएसँगै घरजग्गा कारोवार र यसबाट प्राप्त हुने राजश्वमा वृद्धि हुने देखिएको छ । साथै, शिक्षा क्षेत्रमा विद्यार्थीहरुको १२ कक्षा पछि विदेश पढ्न जाने प्रवृत्ति बढ्दै गएसँगै विद्यार्थीहरुको सख्यामा उल्लेख्य कमी हुदै जाने अनुमान गरिएको छ ।
- बैकिङ क्षेत्रमा देखिएको उच्च तरलतासँगै ब्याजदरमा आएको कमीले यस प्रदेशमा कर्जाको माग बढ्ने तथा विप्रेषणमा उल्लेख्य वृद्धि भएकाले निक्षेपमा पनि वृद्धि हुने देखिएको छ । तथापि अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले व्यापार व्यवसाय, निर्माण इत्यादि क्रियाकलापहरुमा कमी भई बैक वित्तीय संस्थाहरुको बढेको खराब कर्जाको व्यवस्थापन कार्यमा जटिलता हुने अनुमान गरिएको छ । साथै, सहकारीहरुमा संस्थागत सुशासनको कमी तथा प्रभावकारी नियमनको अभावले गर्दा वचतकर्ताहरुको वचत फिर्ता हुन गाह्रो देखिएको छ ।

## ८.४ पूर्वाधार क्षेत्र

यस प्रदेशमा निर्माण भैरहेका राष्ट्रिय गौरव र प्रदेश गौरवका आयोजनाहरुमा पूर्वाधार निर्माणको सन्दर्भमा बजेट समयमा प्राप्त नहुनु, मुआब्जा वितरणमा समस्या, निर्माण सामाग्रीको अभाव, नदीजन्य निर्माण सामाग्री संकलन गर्ने कार्यमा रोक लगाइनु, विद्युतीय तथा खानेपानीका संरचना स्थानान्तरणमा

स्थानीय अवरोध, अनाधिकृत रुपमा सडक खोल्नु, भौगोलिक विकटता, विष्फोटक पदार्थको आयातमा समस्या, आयोजनाको लगानी ढाँचा स्वीकृत हुन नसकी वित्तीय व्यवस्थापनमा समस्या इत्यादि समस्याहरुले गर्दा निर्माण सम्पन्न हुने समयावधि र लागत क्रमशः बढ्दै जाने अनुमान रहेको छ । साथै, यस प्रदेशमा निर्माण सम्पन्न भैसकेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा प्रभावकारी रुपमा सञ्चालन गर्न चुनौतीपूर्ण देखिएको छ ।